
# लेखापरीक्षण प्रतिवेदन

# ठाकुरबाबा नगरपालिका, बर्दिया

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# ठाकुरबाबा नगरपालिका, बर्दिया

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख — महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/591

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
ठाकुरबाबा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
बर्दिया।

## कैफियत सहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प.फा.नं.२७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१६ करोड २४ लाख १५ हजार, एकीकृत स्वास्थ्य तथा पूर्वाधार कार्यक्रमको रु.१ करोड ३८ लाख ५२ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. २६ लाख ७० हजार समेत गरी रू १७ करोड ८९ लाख ३८ हजार समावेश गरेको छैन ।

२. नगरपालिकाको रू १ अर्व ६० करोड ३५ लाख ८३ हजारको लेखापरीक्षण गरिएकोमा रू २ करोड १९ लाख ६३ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु ७५ हजारको प्रतिक्रिया प्राप्त र रू ४ हजारको प्रतिक्रियाबाट थप कायम बेरूजु समेतको कारबाही भई बाँकी बेरुजु रू २ करोड १८ लाख ९२ हजारमध्ये असुल गर्नुपर्ने रू ८४ लाख ६३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू २२ लाख ६७ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ६ लाख १२ हजार र पेस्की बाँकी रु. ५ लाख ५० हजार रहेको छ । गत वर्षसम्म रु. १७ करोड ५४ लाख बेरुजू बाँकी रहेकोमा सम्परीक्षण भएको रु १ करोड ११ लाख ६२ हजार तथा सम्परीक्षणबाट थप कायम भएको रू १७ लाख ८४ हजारसमेत हालसम्मको अद्यावधिक बेरुजू रु. १८ करोड ७९ लाख १४ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

३. लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने ठाकुरबाबा नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं ।

**अन्य बेहोरा**

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत

आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८३ | ६१ | २,१९,६२,९९६ | ० | ३ | ७५,५५० | ४,२५० | ८३ | ५८ | २,१८,९१,६९६ | ८४,६२,६४१ | १,०६,११,८५८ | २२,६७,१९६ | ० | ० | १,२८,७९,०५४ | ५,५०,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बर्दिया | १७,५४,००,००० | ० | १,११,६२,०१३ | १६,४२,३७,९८७ | १७,८४,१४३ | २,१८,९१,६९६ | १८,७९,१३,८२६ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ३४ | मेलमिलाप सम्बन्धि पुनर्ताजिकि तालिम | ३०,५०० |
| २ | २०८०/८१ | २२.२ | बैठक भत्ता | ५,०५० |
| ३ | २०८०/८१ | ३६ | प्रमाण वेगर भुक्तानी | ४०,००० |
| ४ | २०७९/८० | ५१ | विस्तृत नापजाँच | ३,३८,५३० |
| ५ | २०७९/८० | ४५ | प्राइम एण्ड ट्याककोट | ७,८५,८४६ |
| ६ | २०७९/८० | ३९ | क्षतिपुर्ति तथा राहात भुक्तानी | ५०,३६,३३० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०७९/८० | ५२ | आन्तरिक लेखापरीक्षण | ८,७९,५७४ |
| ८ | २०७८/७९ | ७१ | सम्झौता भन्दा वढी भुक्तानी | १,३५,७५४ |
| ९ | २०७८/७९ | ६९ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | १८,००,००० |
| १० | २०७८/७९ | ५४ | करार कर्मचारीलाई महंगी भत्ता | १०,६३,४०० |
| ११ | २०७८/७९ | ६३.२ | आन्तरिक लेखापरीक्षण | ६३,२५० |
| १२ | २०७८/७९ | ७५ | गत वर्षको भुक्तानी | १०,०४,३२९ |
| १३ | २०७९/८० | २० | पेश्की | १५,००० |
| १४ | २०७८/७९ | २९ | म्याद नाघेको पेस्की | ४०,००० |
| | | जम्मा | | १,१२,३७,५६३ |

**लेखापरीक्षण बक्यौताको विवरण**

| कार्यालय कोड | कार्यालयको नाम |
|---|---|
| विगतको लेखापरीक्षण बक्यौता नरहेको | |

# (८०५५८४०२३०० - ठाकुरबाबा नगरपालिका, बर्दिया )

# परिचय

१

**(क) कार्यालय परिचय :**-स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस ठाकुरबाबा नगरपालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल १०४।५७ वर्ग किलोमिटर तथा ५७२०३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :**- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :**- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।२४ देखि २०८१।५।२६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :**- कार्यालयको आय-व्ययतर्फ रु. १,६०,३५,८३,००० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :**- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ४८२५०। असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | बैठक भत्ता तथा भ्रमण भत्ता बढी भुक्तानी भएको विभिन्न कर्मचारी तथा पदाधिकारीबाट असुल गरी २०८१।५।३० ३१ र ६।४ गते दाखिला गरेको छ । | ४८२५० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

२.१ फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.२०४२८९२३४.०३ मौज्दात रहेकोमा यो वर्ष रु.२०४२८७९६४.०६(प्रकोप व्यवस्थापनकोषको रु ५९७८६। १० समेत) जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१२६९।९७ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२७० |

२.२ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

२.३ **वित्तीय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । कार्यालयले आफ्ना सबै कारोबारलाई सुत्र प्रणाली मार्फत गरेर सो को NPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्नेमा पालिकाले उपलव्ध गराएको सुत्र प्रणाली अनुसारको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः

- सुत्र प्रणाली प्राप्ति भुक्तानी हिसाब अनुसार पालिकाको यस वर्षको कूल प्राप्ति रु.६१९८०७४२२.५८ मा कूल भुक्तानी रु.६४२७७२२२२.६२ घटाएर बाँकी रहेको रकममा गत वर्षको जिम्मेवारी (धरौटी र संचित कोष ) रु.२०४२२८१७७.९६जोड्दा वर्षान्तको बाँकी प्राप्ति भुक्तानी हिसाब अनुसार रु.१८१२६३३७७।९२.१५ देखिन्छ । बैंक नगदी किताब अनुसार वर्षान्तको बाँकी रकम रु.१६,९२,४४,७१२.४५ रहेको देखिन्छ ।
- पालिकाले सुत्र प्रणालीको प्राप्ति भुक्तानी हिसाबमा CGAS तर्फको सामाजिक सुरक्षाबापतको निकाशा/ खर्च रु.१६२४१५३४३।, एकिकृत स्वास्थ्य तथा पूर्वाधार विकासतर्फ रु.१३८५२७८५। र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमतर्फ रु.२६७००००। गरी कूल रु.१७८९३८१२८। समावेश गरेको छैन । मलेप फाराम २७० ले समेट्नु पर्दछ ।

· **बैङ्कहिसाब विवरण** -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान

समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार फरक परेकोले हिसाव मिलान विवरण तयार गर्नुपर्दछ ।

| **खाताकोप्रकार** | **श्रेस्ता अनुसारबाकी रु** | **बैंक अनुसार बाकीरु** |
|---|---|---|
| ग २.७, विविध खर्च खाता | १,३३,१३,२६३.४५ | १,३३,१३,२६३.४५ |
| ग ३.१, स्थानीय तह धरौटी खाता | २,७१,८५,५८७.११ | २,७१,८५,५८६.६३ |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ८,०१,४७,३५५.६८ | ८,५५,७६,६२६.४६ |
| ग ५.१, स्थानीय तह विविध कोष खाता | १,६३,३०,७५५.६२ | १,६३,३०,७५५.६२ |
| ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | २,६८,३६,८५७.४० | २,६८,३६,८५७.४० |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १,६२२.८९ | १,६२२.८९ |
| **जम्मा** | **१६३८१५४४२.१५** | **१६,९२,४४,७१२.४५** |

तोकिए बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा २.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ३ आन्तरिक नियन्त्रण प्रणाली

३.१ आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरेकोमा पूर्ण कार्यान्वयन गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन,

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन,

• कार्यालयको श्रेष्ता र बैंकबीचको हिसाव फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्बन्धमा यकीन गर्न सकिएन,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेकोमा अद्यावधिक गरेको पाइएन,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखी रहेको पाइयो,

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो,

• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन,

• साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजसिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ,

• कतिपय सडक तथा कुलो÷नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुनसक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ,

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा खरिद योजना तयार गरेकोमा सो अनुसार कार्यान्वयन गरेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली तयार पारेको भएता पनि कार्यान्वियन भएको पाइएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू टोल विकास समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन,

• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन,

• पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक गरेको छैन,

• पालिकाले चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था अनुसार पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गर्नुपर्ने भनी गत विगतको प्रतिवेदनमा उल्लेख भए पनि सो व्यवस्थाको कार्यान्वियन भएको पाइएन,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३.२ बेरुजु लगतः बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये कार्यालयसँग सम्बन्धित म. ले. प. फाराम ८०१ बेरुजु लगत, म. ले. प. फाराम ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन, म.

ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेको पाइएन । यसमा सुधार हुनु पर्दछ ।

३.३ प्रगति प्रतिवेदनः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमेजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी तोकिएको निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नियमानुसार प्रगति विवरण बनाई तोकिएको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । तोकिएको ढाँचामा बार्षिक प्रगति विवरण तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

प्रतिवेदनः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने स्थानीय सञ्चित कोषमा भएको आय–व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय प्रदेश अर्थ मन्त्रालय मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था बमोजिम प्रतिवेदन गरेको देखिएन । ऐनको व्यवस्थाको पालना हुनुपर्दछ ।

३.४ भ्रमण खर्च लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७५ तथा भ्रमण खर्च नियमावली २०६४ बमोजिम पालिकाले कर्मचारी तथा पदाधिकारीहरुको भ्रमण खर्चबापत यस वर्ष रु.२४९०८४२। खर्च गरेको देखिन्छ । भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको,

• नियमानुसार भ्रमण अभिलेख खाता आंशिकमात्र राख्ने गरेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको,

• केहि भ्रमण गरेका कर्मचारीहरुको डिजिटल हाजिरी परीक्षण गर्दा कार्यालयमा हाजिर गरेको अवस्थामा पनि भत्ता भुक्तानी गर्ने गरेकोले अन्य कर्मचारीहरुको हाजिर परीक्षण गर्दा नेटवर्क समस्या तथा सर्भर समस्याले यकिन नभएकाले तहाँ कार्यालयले यकिन गरी कार्यालयमा हाजिर भएको अवस्थामा भ्रमण भत्ता भुक्तानी नदिने र डिजिटल हाजिरलाई व्यवस्थित गरी सवै पदाधिकारी तथा वडा कार्यालयहरुमा अनिवार्य गर्नुपर्ने देखिन्छ ।

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश गरे पनि कार्यालय काममा गएको भनि अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको,

• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिन सम्मको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको,

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोग हुने सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

## ४ बजेट तथा कार्यक्रम

४.१ रकमान्तर- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहको कार्यपालिकाले स्वीकृत वार्षिक स्वीकृत बजेटको आधारमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने उल्लेख छ । यो वर्ष पटके निर्णयबाट ८५ वटा बजेट तथा कार्यक्रमबाट रु.८ करोड २६ लाख ३९ हजार घटाई विभिन्न ७८ योजना तथा कार्यक्रममा रु. ८ करोड २६ लाख ३९

हजार बढाई अर्थात बजेट रु ८०,१०,७५,९०४.०० को १०.३२ प्रतिशत रकमान्तर भएको छ । कुनै शीर्षकलाई शुन्य पारेर त कुनै शीर्षकमा २५ प्रतिशत भन्दा माथि रकमान्तर गरेको देखिन्छ । यसले गर्दा कानुनको पालना भएको देखिएन । अतः योजनाको विस्तृत सर्भेक्षण तथा प्राथमिकता निर्धारण गरी बजेट तर्जुमा गरेर कार्यक्रम कार्यान्वियनमा कार्यालयले बिशेष ध्यान दिनुपर्दछ ।

४.२ बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

४.३ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाको समितिले नियमानुसार कार्य गरेको देखिएन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।
कार्यालयको भनाईः संघ र प्रदेशबाट समयमा सिलिङ्ग नआउदा सिमा निर्धारणमा ढिलाई भएको ।

४.४ योजना तथा वजेट कार्यान्वियन - यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१८२१३९७७८।५५ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली तयार पारे तापनि नियम बमोजिम खरिद गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

**क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | प्रतिशत खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४६६५२७१७.०० | २९४३०१६५.६८ | ४.७५ |
| २ | सामाजिक विकास | ३६५९१०१८२.०० | ३२७५००३८४.०२ | ५२.९१ |
| ३ | पूर्वाधार विकास | २४२७२२३०७.०० | १३८९७८४८१.५२ | २२.४५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २३३७७६६०.०० | १५६४३८१६.४४ | २.५३ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२२४१३०३८.०० | १०७४४२७२६.९९ | १७.३६ |
| कुल जम्मा | | ८०१०७५९०४.०० | ६१८९९५५७४.६५ | १००.०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५२.९१ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा २.५३ प्रतिशत रहेको छ ।

**खर्च बिश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.३,६८८२०८९.८९ राजस्व बाँडफाँड र अनुदानबाट रु.५६,४६,४७,२३४.६५ समेतरु.६०१५२९३२४.५४आम्दानी भएकोमा चालु तर्फ रु.४३६८४३१३४.५१र पूँजिगत तर्फ रु.१८२१३९७७८.५५समेत रु.६४२७७२२२२.६२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६.०२ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१०९५१०००। खर्च भएको छ जुन आन्तरिक आयको ३० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७७ प्रतिशत चालु र ३२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

त्रैमासिक पूँजीगत खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १८२१३९ | १६५१ | ३२१४० | २९७६० | ११८५८८ | ७०८८७ |
| प्रतिशत | | ०.५४ | १०.५४ | ९.७६ | ३८.९ | २३.२५ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पूँजिगत तर्फ वार्षिक रु.३० करोड ४८ लाख १० हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.१६ लाख ५१ हजार (०.५४ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.३ करोड २१ लाख ४० । (१०.५४ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.२ करोड ९७ लाख ६० हजार ( ९.७६ प्रतिशत) र चौथो त्रैमासिकमा रु.११ करोड ८५ लाख ८८ हजार । (३८.९ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.७ करोड ८ लाख ८७ हजार (२३.२५ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

४.५ **योजनाप्राथमिकीकरण** -स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नाअनुसार ९ वटा वडाको लागि वडागत र पालिकास्तरका कुल २५९ योजनामा वजेट विनियोजन गरेको छ।

| रु. १ लाख सम्म | | रु. १ लाख देखि २ लाखसम्म | | रु. २ लाखदेखि ५ लाखसम्मका | | रु. ५ लाख देखि १० लाखसम्मका | | रु. १० लाखभन्दा बढीको | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | |
| ११३ | ४४९९ | ३६ | ४४२६ | ५२ | १४४०२ | २२ | १३३५४ | ३६ | २३०५९८ | २५९ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ५८ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

## ५ संगठन तथा कर्मचारी व्यवस्थापन

५.१ तलवी प्रतिवेदन- निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य र पालिकाका कर्मचारीको रु.१६५५३३४४५। खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

५.२ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित जना ६६ पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

५.३ **कर्मचारी व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. २११२५००। भुक्तानी गरेको पाइयो । पालिकाले O&M सर्भे गरी स्वीकृतिको लागि अर्थमन्त्रालय पठाएकोमा स्वीकृत नभएको र रिक्त पदमा पदपूर्तिको लागि प्रदेश लोकसेवा आयोगलाई माग आकृति भरि पठाएकोमा हाल सम्म पदपूर्ति नभएको देखियो । समयमै पदपूर्ति गर्ने तर्फ पहल गर्नुपर्दछ ।

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. |
|---|---|---|
| अमिन | १ | ४२२५०० |
| सव ईन्जिनियर | ३ | १२६७५०० |
| हे.अ. | १ | ४२२५०० |
| जम्मा | | २११२५०० |

५.४ **अवकास कोषः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । उक्त कोषमा आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो वरावरले हुने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष कोषमा सभाबाट पारित गरेर एकमुष्ठ रु.७००००००। जम्मा गरेकोले पालिकामा कार्यरत स्थानीय तहका कर्मचारीको तलवबाट रकम कट्टा गरी कल्याण कोषमा जम्मा गर्ने गरेको छैन । साथै कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । कोषको सञ्चालन र व्यवस्थापन सम्बन्धि प्रष्ट कानुन बनाएर मात्र कोष खडा गर्नुपर्दछ ।

## ६ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था अनुसार यस वर्ष १३ वटा कानून तथा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट जन्म दर्ता ९९१ वटा, मृत्यु दर्ता ३१५ वटा, बसाइँसराइ १८९ वटा, विवाह दर्ता ४६० वटा, सम्बन्ध विच्छेद दर्ता ३२ वटा गरेको विवरण प्राप्त भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा समेत सुधार गर्नु पर्ने देखिन्छ ।

## ७ वित्तीय समानीकरण अनुदानको बचत

नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७८।३।२७ च.नं. १२१ को परिपत्र तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७८।३।३० च.नं. ५६३ को वित्तीय समानीकरण अनुदानको प्रयोग सम्बन्धमा उल्लेख गरिएको परिपत्रअनुसार नेपाल सरकारलाई स्थानीय तहबाट उपलब्ध हुने वित्तीय समानीकरण अनुदानको रकम प्रशासनिक खर्चको प्रयोजनमा प्रयोग गर्न नमिल्ने र स्थानीय तहले आफ्नो आन्तरिक श्रोत र राजस्व बाँडफाँडको रकमबाट मात्र आफ्नो प्रशासनिक खर्च गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ । पालिकाले आ.व. ०७९।८० मा संघीय वित्तीय समानीकरण अनुदानबाट रु १५०६६५०००। प्राप्त भई रु ११२०५७४०८।९९ खर्च गरी रु ३८६०७५९१।०१ बचत रकम चालु आ.व. ०८०।८१ मा आन्तरिक श्रोततर्फ आम्दानी बाँधेर प्रशासनिक खर्च लागायतमा खर्च गरेको नियमसम्मत देखिएन। समानीकरण अनुदानको बचत रकम आन्तरिक श्रोततर्फ आम्दानी जनाएर तलबभत्ता लगायतका प्रशासनिक खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

## ८ पेश्की बाँकी

८.१ **पेश्की बाँकी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्योंट नभई रु.३२५४२०००। बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.५५००००। फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु...

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ८.१.१ | श्री बलातीकर्मला टर्स पुल निर्माण उ समिति | ५५०,००० |

| | |
|---|---|
| पेश्की | ५,५०,००० |

८.२ **म्याद ननाघेको पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विभिन्न १६ कार्यक्रमको लागि रु.३१९९२०००। पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी पेश्की फस्यौंट गर्नुपर्दछ ।

| पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | रकम |
|---|---|---|
| महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई सम्मान सहितको अवकाश | इन्द्र बहादुर राजवशीं थारु | १५,०००.०० |
| राजमार्ग देखि भैसिहान मार्ग हुँदै आदर्शमार्ग चोक सम्म सडक कालोपत्रे | स्वर्गद्वारी निर्माण सेवा | ५,५५,०००.०० |
| शित भण्डार निर्माण | केशव शाह/श्याम ज्ञान जे/भी | ९४,००,०००.०० |
| वडा कार्यालय कम्पाउन्ड वाल निर्माण | घट्टघर एन.आर.पि. कन्स्ट्रक्सन प्रा.लि. | ६,००,०००.०० |
| चिट्कैया हुँदै बर्दिया राष्ट्रिय निकुञ्ज गेट हात्तीसारबाट मधुवन जोड्ने सडक निर्माणका लागि थप बजेट | अमर कन्स्ट्रक्सन | ६,३७,०००.०० |
| शीत भण्डार निर्माण(क्रमागत) | केशव शाह श्याम ज्ञान जे.भि | १,००,००,०००.०० |
| सडक कालोपत्रे (राजमार्ग तथा अन्य मुख्य मार्गसँग जोडिएका) | नन्दादेवि आरम्भ के डी जे भी | १०,५०,०००.०० |
| चिट्कैया हुँदै बर्दिया राष्ट्रिय निकुञ्ज गेट हात्तीसारबाट मधुवन जोड्ने सडक निर्माणका लागि थप बजेट | अमर कन्स्ट्रक्सन | ६,३७,०००.०० |
| सडक कालोपत्रे (राजमार्ग तथा अन्य मुख्य मार्गसँग जोडिएका) | श्री गणपती कन्स्ट्रक्शन | १०,५०,०००.०० |
| ठाकुरद्वारा-हात्तीसार सडक कालोपत्रे क्रमागत | रोयल लक्ष्मी ओम नम जे.भी. | २०,५०,०००.०० |
| समपुरक कोष। जोड कोष | लक्ष्मी निर्माण सेवा | ६,७०,०००.०० |
| ठाकुरद्वारा-हात्तीसार सडक कालोपत्रे क्रमागत | रोयल लक्ष्मी ओम नम जे.भी. | २०,५०,०००.०० |
| समपुरक कोष। जोड कोष | लक्ष्मी निर्माण सेवा | ६,७०,०००.०० |
| रामदास मार्ग सडक स्तरोन्नति क्रमागत | लक्ष्मी निर्माण सेवा | ३,२६,०००.०० |
| क्याम्पस रोड, सिंहवाहिनी, खोदाउ, सतघरुवादेखि नेउलापुर सडक कालोपत्रे | श्री इन्द्रलक्ष्मी कन्ट्रक्शन | ११,७१,०००.०० |
| मढेला गोव्रेला सडक निर्माण वडा नं ८ | अमर कन्स्ट्रक्सन | ११,११,०००.०० |
| जम्मा | | ३१९९२००० |

## ९ **आय अनुमान**

९.१ आय अनुमान - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५,३५,२५,४५०.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.३,६८८२०८९.८९ अर्थात अनुमान भन्दा प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

९.२ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५६,४६,४७,२३४.६५ | ३,६८८२०८९.८९ | ६.५३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ६.५३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

९.३ **कर तथा शुल्क असुली** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आम्दानी शीर्षक | अनुमान | आम्दानी |
|---|---|---|
| ३ | ४ | ७ |
| सम्पती कर | ० | १४,६७,२६५.०९ |
| भुमिकर/मालपोत | १,००,००,०००.०० | ३६,३८,७५८.९५ |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | ० | १५,०००.०० |
| वहाल कर | ३०,००,०००.०० | २५,०१,२३२.९० |
| वहाल विटौरी कर | ५,००,०००.०० | १८,४७,८०८.०१ |
| सवारी साधन कर (साना सवारी) | ५०,०००.०० | ० |
| अन्य मनोरञ्जन कर | २,५०,०००.०० | ० |
| व्यवसायले भुक्तानी गर्ने | २,७६,६००.०० | २,७६,६००.०० |
| कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | ११,५२०.०० |
| अन्य कर | ५,००,०००.०० | २,५१,६१९.०० |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | २५,००,०००.०० | २३,२८,३६२.२३ |
| अन्य स्रोतबाट प्राप्त रोयल्टी | ० | ५६,०००.०० |
| कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ० | ६००. |
| अन्य बिक्रीबाट प्राप्त रकम | ५,००,०००.०० | ४,१०,०००.०० |
| विद्युत सेवा शुल्क | ० | ५१,८२०.०० |
| अन्य सेवा शुल्क तथा बिक्री | ० | ८,०७,७४०.३७ |
| शिक्षा क्षेत्रको आम्दानी | ० | २४,०९,६४७.०० |
| परीक्षा शुल्क | ० | ६,०३,९५०.०० |
| अन्य प्रशासनिक सेवा शुल्क | ० | १३,२३,७८३.०० |
| नक्सापास दस्तुर | ३५,००,०००.०० | २२,०७,०१०.३९ |
| सिफारिश दस्तुर | ५५,००,०००.०० | ६०,५१,३८५.४४ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ५,००,०००.०० | ५,१९,३६०.०० |
| नाता प्रमाणित दस्तुर | ० | ३,४२,१९०.५० |
| अन्य दस्तुर | १७,००,०००.०० | ३,९६,२३५.०० |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३४,५०,०००.०० | ५,५९,६८५.०० |
| विद्युत सम्बन्धी दस्तुर | ० | ६००. |
| जलस्रोत सम्बन्धी अन्य दस्तुर | २,००,००,०००.०० | ९,१३,९५०.०० |
| न्यायिक दण्ड, जरिवाना र जफत | ५०,०००.०० | ५,०००.०० |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | ० | ९४,१७९.०० |
| | | |

| | | |
|---|---|---|
| अन्य राजस्व | ० | ४४,४२५.०० |
| व्यवसाय कर | ० | २८,६८,२४२.२३ |
| बेरूजू | १२,४८,८५०.०० | १२,४८,८५०.०० |
| जम्मा | ५,३५,२५,४५०.०० | ३,३२,५२,८१९.११ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१० **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले आर्थिक सहायता सम्बन्धि कार्यविधि तयार गरी विभिन्न व्यक्तिहरुलाई रु.२३८९५००। आर्थिक सहायता वितरण गरेकोमा कुनै आर्थिक सहायता कार्यविधि भन्दा बढी हुने गरी वितरण गरेको समेत देखिन्छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.३६८८२०८९।८९ को ६।५ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड मा रहेर आर्थिक सहायता वितरण गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

११ **सम्पत्ति उपयोग र संरक्षण**

११.१ सार्वजनिक सम्पत्तिको रेखदेखः सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण -स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन ।पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ ।

११.२ सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नु पर्ने व्यहोरा गतविगतको प्रतिवेदनमा उल्लेख भए पनि कार्यान्वियनको अवस्था खुलाएको छैन । यसमा सुधार हुनु पर्दछ ।

११.३ सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोगः पालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको प्रभावकारी र औचित्यपूर्ण प्रयोग गर्नु पर्दछ। पालिकाले सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्डको लागि भू उपयोग नीति तयार पारेकोमा सोको पूर्ण कार्यान्वयन नभएको र सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गरेको देखिएन । पालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड अनुसार सार्वजनिक सम्पत्तिको व्यवस्थापन गर्नुपर्दछ ।

११.४ जिन्सी निरीक्षण - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर

पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन पेश गरेकोमा सोका सुझावहरुको नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१२ **कानून निर्माण एवं कार्यान्वयन**

१२.१ कानून र सञ्चालन स्थिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३१ वटा ऐन, ८ वटा नियमावली, ६७ कार्यविधि लगायत १३६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

१२.२ न्यायिक समिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३७ र यो वर्ष थप भएको ७५ गरी कुल ११२ विवाद दर्ता भएकोमा ७६ वटा मात्र फर्स्यौट भई ३६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१३ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई अनुदानमा खर्च लेखेको देखियो। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

१४ **खरिद तथा ठेक्का अभिलेख**

ठेक्का अभिलेखः- सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

प्राविधिक बिल र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

## १५ सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २३ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा १० वटाको मात्र विवरण दाखिला गरेको पाइयो । त्यसैगरी पालिकाबाट एउटा सहकारी संस्थाको सघन अनुगमन निरीक्षण गरी प्रतिवेदन पेश गरेकोमा अन्य सहकारीहरुको नियमित अनुगमन निरीक्षण गरी प्रतिवेदन पेश गर्नुपर्दछ । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

## १६ अन्य व्यहोरा

- वित्तिय प्रतिवेदनहरुको सार्वजनिकरण: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ५६ र नियमावलि २०७७ नियम ७३ बमोजिम प्रचलित कानुन बमोजिम तयार गरिएका वित्तिय प्रतिवेदन तयार गर्न तोकिएको अवधि समाप्त भएको मितिले सात दिन भित्र तालुक कार्यालयमा पठाउने एंव विधुतिय माध्यमबाट सार्वजनिक गर्नुपर्ने कानुनि व्यवस्था रहेकोमा कार्यालयले सार्वजनिक गर्ने नगरेकोले ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।
- मर्मत संभार तथा संरक्षण: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २५ र नियमावलि २०७७ नियम ३९ मा भुक्तानिलाई व्यवस्थित बनाउने व्यवस्था छ।जसका लागि म ले प फारम न ४१४ र ४१५ व्यवस्था भएकोमा कार्यालयले कतिपय अवस्थामा मर्मत आदेश म ले प फारम न ४१४ स्वीकृत बेगर भुक्तानी गरेको तथा अभिलेख नराखेको पाईयो
- नापी कीताब : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २५ र नियमावलि २०७७ नियम ३९ बमोजिम भुक्तानिलाई व्यवस्थित र प्रभावकारि बनाउने व्यवस्था छ। निर्माण कार्यको नापिको परिमाण अभिलेख गर्न म ले प फा ५०३ को व्यवस्था भएकोमा कम्प्युटरबाट नापि किताब तयार गरिएमा प्रिन्ट गरी बाईन्डीङ गर्नु र नापि किताब नियन्त्रण खातामा चढाउनुपर्दछ भन्ने समेत व्यवस्था भएकोमा कार्यालयले नापि नियन्त्रण खातामा चढायनचढायको विवरण पेश नगरेकोले यसै भन्न सकिएन।
- ठेक्का लगत: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २५ र नियमावलि २०७७ नियम ३९ बमोजिम भुक्तानिलाई व्यवस्थित र प्रभावकारि बनाउने व्यवस्था छ। ठेक्काको भुक्तानी व्यवस्थित गर्न म ले प फारम ५०६ को व्यवस्था भएको छ पालिकाले ठेक्का लगत राखेनराखेको पेश नभएकोले अघिल्लो बिलहरुबाट के कति भुक्तानि भएको एकिन हुन नसकेकोहुदाँ पालिकाले म ले प फारम कार्यान्वयन गर्नुपर्दछ।
- अन्य कार्यालय खर्चः कार्यालयले आफ्नो कार्यक्षेत्र भित्र स्वीकृत कार्यक्रम र बजेट सिमा भित्र रही खर्च गर्नु पर्दछ यस बर्ष कार्यालयले समान अस्तित्व र छुट्टै बजेट विनियोजन हुने कार्यालयको कार्यको लागि बार्षिक बजेटमा व्यवस्था गरि भुक्तानी दिएको छ । नगरपालिकाको नियन्त्रण क्षेत्रभित्र पनि नपर्ने र सम्बन्धित निकायबाट समेत बजेट विनियोजन हुने भएकोले एउटै कार्यकोलागी दुई निकायबाट बजेट विनियोजन हुन सक्ने भएकोले यसमा नियन्त्रण हुनु पर्दछ |

| गो.भौ. | कार्यालय र प्रयोजन | भुक्तानि लिने व्यक्ति।संथा फर्म | रकम |
|---|---|---|---|
| १३१ | अस्थायी प्रहरी चौकी विद्युत तथा मर्मत सम्बन्धि कार्यक्रममा लागेको खर्च रकम वडा न ९ | डम्बर बहादुर शाहि | ३९९६० |
| २७६ | वडा न ९ को अस्थाइ प्रहरी पोष्ट ठाकुरद्वारा होडिङ्ग बोर्ड र फलामको बेन्च व्यवस्थापन वापतको खर्च रकम | | १०००० |
| ३२९ | वडा न ९ मा रहेको अस्थाइ प्रहरी चौकी को सवारी मर्मत तथा इन्धन खर्च वापतको खर्च रकम भुक्तानि | गंग बहादुर विष्ट | २०००० |
| २७७ | न पा वडा न ४ को बगनाहा प्रहरी चौकी व्यवस्थापन वापतको खर्च रकम भुक्तानि | चुडामणि अधिकारी | १०००० |
| ८८ | वडा नं ६ को वडास्तरीय योजना कार्यक्रम अन्तर्गतको प्रहरि चौकी बकुवा व्यवस्थापन मा भएको खर्च रकम भुक्तानी | डिल बहादुर गिरि | ४९६४२ |
| १३२ | वडा न ५ बगनाहा प्रहरी इन्धन कार्यक्रममा भएको खर्च रकम भुक्तानि | चुडामणि अधिकारी | १०००० |

- वडा तर्फबाट स्वयसेविकालाई प्रोत्साहनः स्वयसेविकालाई प्रोत्साहन गर्न संघिय सरकारबाट शसर्त कार्यक्रम, पालिकाले समानीकरण तथा अन्य कार्यक्रम राखी प्रोत्साहन गर्दै आइरहेको छ पुन वडा कार्यालयबाट पनि प्रोत्साहनका कार्यक्रम गर्दा दोहोरोपना हुने तथा पहुचवाला ले बढी सुविधा प्राप्त गर्ने हुँदा एकद्वार प्रणालीबाट खर्च गर्ने तर्फ ध्यान दिनु पर्दछ |
- प्रयोजन नखुलेको खर्च: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २४ मा सरकारि रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल र सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नुपर्ने उल्लेख छ कार्यालयले खाजा खाना तथा विविध खर्चमा ठुलो रकम खर्च गरेको छ ।यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ।
- मितव्ययिता: गो भौ ३७३ समाज सेवा तथा वातावरण र सस्कृति संरक्षण समुह मेडपा कार्यक्रम अन्तर्गत ११ जना प्रशिक्षार्थिलाई मकै र थाकलबाट हस्तकलाका सामाग्रि निर्माण गर्ने सिप विकास तालिम संचालन भई रु २८४७६० भुक्तानि भएकोमा ठाकुरबाबा नगरपालिका गो भौ १००४।०८१।३।०९ ओम राजश्री मल्टि एग्रो प्रालिबाट ३६ जना प्रशिक्षार्थिलाई समान प्रकृतिको मकै र थाकलबाट हस्तकलाका सामाग्र बनाउने सिपमुलक तालिम संचालन गरि रु ४८८००० भुक्तानि भएको छ।यसरि एकै प्रकृतिको तालिम फरक संथाबाट संचालन गरि २ सिफ्ट्मा गर्दा लागत बढ्ने र मितव्ययिताको पक्ष कमजोर हुने देखिन्छ। न्युनतम लागत र समयमा अधिकतम प्रतिफल प्राप्त गर्ने गरि यस्ता प्रकृतिका सिपमुलक तालिम संचालन गर्नु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा १६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

### १७ धरौटी अभिलेख

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६४ बमोजिम प्राप्त गरेको धरौटी रकमको व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी कुन कामको लागि आम्दानी भएको हो सो समेत खुलाई राख्नु पर्ने उल्लेख छ । कार्यालयको विभिन्न योजनाको रकम धरौटी कट्टा गरेकोमा कुन मितिमा कति रकम जम्मा गरेको हो सो को विस्तृत विवरण सहितको धरौटी खाता हुनुपर्नेमा सो नभई गत बर्षको अल्या गर्दाको मितिमात्र देखिने हुनाले कुन निर्माण व्यवसायी तथा व्यक्ति/संस्थाको कुन मितिमा रकम कट्टा गरेको सो मिति नखुल्ने र धरौटी अल्या गरेको मिति मात्र देखिने भएकाले कहिलेसम्म म्याद छ सो बारेमा यकिन नहुने भएकाले धरौटी रकम फिर्ता लिन पाउने म्याद समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम फिर्ता दिनु पर्ने व्यवस्था अनुरुप फिर्ता गर्नुपर्ने अन्यथा राजस्व आम्दानी बाँधि सदरस्याहा गर्नुपर्ने यकिन गर्न सकिएन । यसको लागि कार्यालयले धरौटीको व्यक्तिगत खाता अद्यावधिक गरी राख्नु पर्दछ ।

### १८ बैठक भत्ता

स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संसोधन र एकिकरण गर्न बनेको विधेयक,२०७६ को दफा ८ बमोजिम एकै दिनमा एक भन्दा बढी बैठक बसेको अवस्थामा एउटा बैठकको मात्र भत्ता भुक्तानी गर्ने व्यवस्था रहेकोमा देहायका पदाधिकारीहरुलाई एकै दिनमा दोहोरो भत्ता भुक्तानी लगेकोले निजहरुबाट असुल गर्नुपर्ने रु.

| गो.भौ/मिति | पदाधिकारी तथा कर्मचारी | रकम | कैफियत |
|---|---|---|---|
| १०८२।०८१।३।१५ | रिता कुमारी चौधरी | ८५० | भौचर १०७१ बाट भुक्तानी |
| १०८५।०८१।३।१५ | टेक ब.बडुवाल सिजापति | ८५० | भौचर ११८० बाट भुक्तानी |
| | रिताकुमारी चौधरी | ८५० | |
| | जम्मा | २५५० | |

| असुल गर्नुपर्ने | २,५५० |
|---|---|

१९ **विज्ञापन शुल्क**

विज्ञापन ( नियमन गर्ने) नियमावली (संशोधन सहितको), २०७७ को नियम ६ को उपनियम (२) मा “सरकारी निकायले भुक्तानी गर्दा सञ्चार माध्यमबाट सोझै प्रकाशन वा प्रसारण भएको भए त्यस्तो सञ्चर माध्यमले जारी गरेको बिल बमोजिम तथा नियम ५ग. को उपनियम (३) बमोजिम विज्ञापन एजेन्सीमार्फत प्रकाशन तथा प्रसारण गरिएको भए सञ्चारमाध्यमले जारी गरेको बिलको प्रतिलिपिसहित त्यस्तो एजेन्सीको सेवा शुल्क खुल्ने गरी सो एजेन्सीले जारी गरेको बिल बमोजिम सञ्चारमाध्यम वा विज्ञापन एजेन्सीलाई रकम भुक्तानी गर्नुअघि तीन प्रतिशत रकम कट्टा गर्नु पर्ने र कट्टा गरिएको रकम बोर्डको कोषमा जम्मा गरी सोको जानकारी बोर्डलाई दिनु पर्ने व्यवस्था गरेकोमा यस पालिकाले यो बर्ष देहायअनुसार सुचना प्रकाशनमा विज्ञापन एजेन्सीलाई नियमावली अनुसार सेवा शुल्क खुल्ने विल पेश नगरी तथा तीन प्रतिशत रकम कट्टा नगरी भुक्तानी गरेकोले सम्बन्धित फर्मबाट कट्टा गरी सम्बन्धित कोषमा दाखिला गर्नुपर्ने रु

| गो.भौ.नं./मिति | विज्ञापन एजेन्सी | विल रकम (छुट पछी भ्याट बाहेक) | ३ प्रतिशत रकम |
|---|---|---|---|
| १९३।०८०।६।२८ | विहानी मिडिया | ७११९० | २१३६ |
| ९१७।०८१।२।१४ | | ३५५९५० | १०६७९ |
| ५३३।०८०।११।१७ | | २२०६८९ | ६६२१ |
| ६३८।०८०।१२।१६ | | २५६२८४ | ७६८९ |
| ४७८।०८०।११।८ | | ७७१२२ | २३१४ |
| ७५१।०८१।१।१६ | लुम्बिनी मिडिया एजेन्सी | २९८९९८ | ८९७० |
| जम्मा | | | ३८४०७ |

| प्रमाण पेश नगरेको | ३८,४०७ |
|---|---|

२० **स्वास्थ्य बीमा कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन.२०७६ को दफा २४ अनुसार सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी खर्च गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले पालिकामा कार्यरत २२२ जना कर्मचारीको सामुहिक जनही एक लाख बराबरको व्यक्तिगत अस्पताल तथा घरायसी उपचार सुविधा वीमाको लागि राष्ट्रिय वीमा कम्पनि लिमिटेडलाई रु.५५५०२०। भुक्तानी गरेको देखियो । खर्च गर्दा व्यक्तिगत प्रयोजनको लागि गर्न नहुनेमा बार्षिक वीमा गरी खर्च गरेकोले नियम सम्मत नदेखिएको रु.

| अनियमित भएको | ५,५५,०२० |
|---|---|

२१ **सरुवा भ्रमण खर्च**

सरुवा भ्रमण खर्चः ११५७।०८१।३।१८ भ्रमण खर्च नियमावली,२०६४ को नियम ९ र १० अनुसार कुनै पदाधिकारी वा कर्मचारी सरुवा भई एक जिल्लाबाट अर्को जिल्ला जादाँ दैनिक भत्ता र भ्रमण खर्च पाउने व्यवस्था उल्लेख छ । रामेश्वर खनाल दैलेखको आठविस

नगरपालिकाबाट यस नगरपालिकामा सरुवा भई ५ जना परिवार सहित पारिवारिक भ्रमण खर्च दावि गरेकोमा सार्वजनिक गाडि चल्ने ठाउँमा ४ दिन लगाएर पुगेको भनि दैनिक भत्ता, गाडि भाडा र फुटकर खर्च बढी हुनेगरी भुक्तानी भएकोले वास्तविक लाग्ने रकम कट्टा गर्दा रु.२४४००। बढी भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी निजबाट असुल गर्नुपर्ने रु

| सरुवा भएको कार्यालय आउन लागेको समय | दैनिक भत्ता | भ्रमण खर्च | फुटकर खर्च | भुक्तानी रकम | हुनुपर्ने | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ३.२५ दिन | ३१२०० | १९२०० | ६००० | ५०४०० | २६००० | २४४०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,४०० |

## २२ बैठक भत्ता

२२.१ अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७ को ७.१.५ मा कानून बमोजिम गठन भएको समिति वा सञ्चालक समितिको बैठकको लागि कार्यालय समय बाहेकको समयमा सम्पन्न भएको बैठकको मात्र भत्ता उपलव्ध गराउने तर एउटै निकायका पदाधिकारी तथा कर्मचारी बस्ने बैठकमा बैठक भत्ता प्रदान गर्न नहुने तथा समितिको बैठकका विषयविज्ञ बाहेक अन्य आमन्त्रितलाई बैठक भत्ता भुक्तान गर्न नहुने ब्यवस्था रहेकोमा पालिकाले विभिन्न समितिको बैठक भत्ता देहायअनुसार भुक्तानी गरेकोमा कार्यालयका अन्य शाखाका कर्मचारीहरुलाई आमन्त्रित सदस्यमा राखेर भत्ता भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु

| गो भौ /मिति | विवरण | रकम |
|---|---|---|
| ३५६।०८०।९।१९ | ठेक्का मूल्याङ्कन समितिका उपस्थित १३ जनालाई भुक्तानी | ५३००० |
| ३७२।०८०९।२४ | बोलपत्र मूल्याङ्कन र खरिद समितिका उपस्थित १२ जनालाई भुक्तानी | १४१००० |
| ७६७।०८१।१।२२ | बोलपत्र मूल्याङ्कन र खरिद समितिका उपस्थित १४ जनालाई भुक्तानी | १६९००० |
| ८३८।०८१।२।६ | बोलपत्र मूल्याङ्कन र खरिद समितिका उपस्थित २० जनालाई भुक्तानी | १४१००० |
| १२१४।०८१।३।२२ | बोलपत्र मूल्याङ्कन र खरिद समितिका उपस्थित १३ जनालाई भुक्तानी | १९१००० |
| जम्मा | | ६९५००० |

| | |
|---|---|
| अनियमित भएको | ६,९५,००० |

२२.२ ( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **५,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## २३ अग्रिम कर

आय कर ऐन,२०५८ को दफा ८८ मा सेवा भुक्तानीमा १५ प्रतिशतको दरले श्रोतमा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । एफ एम रेडियोहरु मू.अ.करमा दर्ता समेत भएको प्रमाण पेश नभएको र देहाय अनुसारका एफ एम रेडियोले सन्देशमूलक सूचना प्रशारण गरेकोमा १५ प्रतिशतको दरले अग्रिम कर कट्टी गर्नुपर्नेमा कर कट्टी छुट भएको देखिएकोले छुट कर सम्बन्धित फर्मबाट असुल उपर गरी संघिय राजस्वमा दाखिला गर्नुपर्ने रु.102060

| गो.भौ/मिति | भुक्तानी पाउने | भुक्तानी रकम | छुट कर |
|---|---|---|---|
| २१८।०८०।७।२३ | बर्दिया टाईगर नेटवर्क,रेडियो टाईगर | ६७५०० | ९११३ |
| २५८।०८०।८।१० | | १२३५०० | १६६७३ |
| ३५८।०८०।९।२० | | १२७५०० | १७२१३ |
| ६४०।०८०।१२।१९ | | ७०५०० | ९५१८ |
| ६४१।०८०।१२।१९ | | ५७००० | ७६९५ |
| ११०१,२,३।०८१।३।१६ | | १०३००० | १३९०५ |
| ११४०।०८१।३।१७ | | १९००० | २५६५ |
| ११६५,७७,९०,९२,९३।०८१।३।१९ | | ९५००० | १२८२५ |
| ३५७।०८०।९।२० | बर्दिया कम्युनिकेशन नेटवर्क प्रालि | ५५५०० | ७४९३ |
| ६४१।०८०।१२।१९ | संबाद एफ एम | ३७५०० | ५०६३ |
| | | | १०२०६० |

| असुल गर्नुपर्ने | १,०२,०६० |
|---|---|

२४ **ईलेक्टिक सामान खरिद**

७९०।०८१।१।२४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार सम्झौता बमोजिमको काम तोकिएको म्याद भित्र सम्पन्न हुन नसकेमा सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रतिदिन शुन्ना दशमलव शून्य पाँच प्रतिशतले पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने उल्लेख छ । पालिकाको वडा नम्बर ३ को कार्यालयको लागि ईलेक्टिक सामान खरिदको लागि सिल कोटेशन गरी भेरी अर्डर एण्ड सप्लायर्ससँग रु.४६३७२३। को २०८०।९।२४ देखि २०८०।१०।१५ सम्मको सम्झौता गरेकोमा तोकिएको समय सम्म पनि मालसामान सप्लाई नगरे पछि पत्राचार गर्दा मात्र २०८०।१२।२८ आपूर्ति गरेकोले नियमानुसार तोकिएको समय भन्दा ढिलो गरेकोले नियमानुसार रु.१६९२६। पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १६,९२६ |
|---|---|

२५ **महंगि भत्ता**

सामान्य प्रशासन मन्त्रालयको चलानी नं २१७ मिति २०७४।०१।२५ मा जारी गरेको परिपत्रमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४।०१।२१ को निर्णयानुसार सबै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दी भित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष २०७४।०७५ बाट लागु हुने गरी कम्तिमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च र सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता सम्झौतामा उल्लेख गरी दिन मिल्ने छ भने अन्य सुविधा उपलब्ध गराउने सम्वन्धमा कुनै व्यवस्था छैन । पालिकाको कार्यालयले नगर शिक्षक पदमा करार सम्झौता गरी ६९ जना करार शिक्षकलाई महङ्गी भत्ता वापत रू १६५६०००। रकम भुक्तानी गरेको देखिएकोले परिपत्र विपरित महङ्गि भत्ता भुक्तानी गरेको रकम निज शिक्षकबाट असुल गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | १६,५६,००० |
|---|---|

२६ **कार्यालय सामान सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको

खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष चालु खर्च शीर्षकबाट कार्यालय सामाग्रि तथा मसलन्दमा प्रतिस्पर्धात्मक विधि नअपनाइ सोझै कोटेशनबाट रु.५२४५०३८। खर्च गरेको देखियो । पालिकाले बार्षिक खरिद योजना वनाई सोहि योजना अनुसार प्रकृया अपनाई खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२७ **कृषि चालु**

पालिकाले कृषि उपज बजारीकरण घुम्ति कोषबाट खाद्यान्न खरिद तथा कृषि उपज स्टल सञ्चालनको लागि ७ दिने सूचना आव्हान गरी सो अबधिमा सिंहबाहिनी शिवशक्ति कृषक बहुउद्देशीय सहकारी संस्था लिमिटेडसँग २०८२।८३ सम्मको लागि पालिका भित्रका धानको न्यूनतम कृषि तथा पशुपन्छि मन्त्रालयको समर्शन मूल्यमा खरिद गरी विक्रि वितरण गर्ने कार्यको लागि रु.१ करोड ५० लाखको प्रस्तावमा पालिकाले १ करोड र बाँकी सहकारीले स्वयम व्यहोर्नुपर्ने र पहिलो किस्तामा कामको ७५ प्रतिशत वा १ करोडको २० प्रतिशत सम्म रकम भुक्तानी दिन सकिने गरी सम्झौता गरेको देखियो । सम्झौताको अवधि समाप्त भए पछि सो रकम कोषमा फिर्ता गर्ने उल्लेख छ । यो बर्ष सो सहकारीले रु.२२८७७४५। बराबरको मूल्यको धान खरिद गरेकोमा पालिकाबाट रु.१७१५८०९। भुक्तानी दिनुपर्नेमा रु.२० लाख भुक्तानि दिएकोले सम्झौता अनुसार रु.२८४१९१। बढी भुक्तानी भएको देखियो । यस कार्यको लागि पालिकाले कार्यविधि तयार पारे पनि खरिद मूल्यको कति प्रतिशत सम्मको नाफा लिन पाउने र उक्त धान पुन कृषकले खरिद गर्न चाहेका के कति मूल्यमा खरिद गर्न सकिने, उक्त सहकारीले अधिकतम मूल्य भन्दा बढि मूल्यमा विक्रि गरेमा त्यसको कृषकलाई मुआव्जा दिने जस्ता कुराहरुको बारेमा स्पष्ट व्यवस्था नगरेकोले सोको स्पष्ट व्यवस्था गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

**कृषकलाई उत्पादनमा आधारित प्रोत्साहनः** पालिकाको कृषि कार्यक्रम छनौट समितको निर्णयबाट प्रति कठ्ठा रु. ४ का दरले कृषकलाई अनुदान दिने र सोको खरिद तथा बजारीकरण गरे वापत सहकारीलाई रु.०.२७ का दरले अनुदान दिने गरी निर्णय गरेको आधारमा ३९ जना कृषकलाई रु.४९९६६०। भुक्तानी गरेकोमा कृषकको न्यूनतम तथा अधिकतम उत्पादन सिमा नतोकि एकमुष्ठ सवैलाई भुक्तानी गर्दा बढी उत्पादन गर्ने कृषकलाई प्रोत्साहन नहुने तथा बेचेको परिमाणलाई आधार मानेर अनुदान दिदाँ यथार्थ उत्पादन कति हो यकिन नहुने भएकाले स्पष्ट कार्यविधि तयार पारेर अनुदान कार्यलाई प्रभावकारी बनाउनु पर्दछ ।

पशु चालुः १६।०८०।८।७ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । पशुसेवा शाखाको बार्षिक कार्यक्रम अनुसार सुत्केरी गाई भैसीलाई पोषणका लागि प्याकेजमा (जुकाको औषधि,मिनिरल आदि) खरिदको लागि विभिन्न औषधि पसलबाट दररेट माग गरी सवै भन्दा कम कवोल गरेको रेटबाट फरक फरक खरिद गरेको देखियो । खरिद गर्दा लागत अनुमान तयार नगरी माग भएको दरमा छुट्टा छुट्टै पसलबाट रु.४५००००। बराबरको खरिद गरेकोले खरिद प्रतिस्पर्धा सिमित हुने हुनाले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

२८ **कार्यालय मसलन्दमा बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ नियम ३९ अनुसार सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्ने वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यालय सामाग्री तथा मसलन्द खरिदको लागत अनुमान तयार गर्ने प्रयोजनको लागि तीन सप्लायर्ससँग दर माग गरी तीन वटाको औषत मूल्यलाई न्यूनतम मूल्य मानी रु.९९८७१२। लागत अनुमान तयार गरेको छ । सो को लागि कोटेशन माग गरेकोमा लागत अनुमानमा दररेट पेश गर्ने आचार्य स्टेशनरी एण्ड सप्लायर्सले सवै भन्दा कम रु.९८२८३४। मा कबोल गरी छनोट गरेकोमा फरक फरक दररेट पेश गरेको र अगाडि भन्दा बढी दररेट पेश गरी विभिन्न ६३ आईटममा कुल रु.५३२२९।(मू.अ.कर सहित) बढी हुने गरी खरिद सम्झौता गरी भुक्तानी गरेकोले बढी दरको भुक्तानी सम्बन्धित सप्लायर्सबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५३,२२९ |

२९ **प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (१) मा स्थानीय सेवाको गठन सन्चालन व्यवस्थापन कर्मचारी नियुक्ती, सेवा र शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने उल्लेख रहेको छ भने दफा ८६(२) मा उपदफा

१ को अधिनमा रहि स्थानीय सेवाको गठन, सन्चालन व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन अनुसार हुने रहेको छ । पालिकाले कार्यसम्पादनमा आधारित प्रोत्साहन रकम सम्बन्धी कार्यविधि २०७७ अनुसार नियमित कार्यालयको समयभित्र काम गर्दा सम्पन्न गर्न नसकिने कार्यको लागि कार्यालय वा फिल्डमा समेत काम गर्नेगरी निश्चितका समयका लागि अधिकार प्राप्त अधिकारीले कुनै पनि कर्मचारीलाई अतिरिक्त समयमा काम लगाउन सक्ने र सोको अनुसूची १ बमोजिम लगबुक भराई शाखा प्रमुखको सिफारिसमा अधिकार प्राप्त अधिकारीले प्रमाणित गर्नुपर्ने तथा फिल्ड कर्मचारीको हकमा अग्रिम फिल्ड काज स्वीकृत गरेको हुनुपर्ने र सोको आधारमा भुक्तानी गर्ने भनि उल्लेख भएकोमा कार्यविधिको कुनै पनि प्रकृया पुरा नगरी अतिरिक्त काम गरेको भनि रु.३९७११५४।- खर्च गरेको देखियो । नियमानुसार अभिलेख राखेरमात्र खर्च गर्ने तथा कर्मचारीको अन्य कार्य सम्पादनका मापदण्ड तयार गरी खर्च भुक्तानी गर्नुपर्दछ ।

३० **राष्ट्रपति रनिङसिल्ड प्रतियोगिता**

४०।०८०।९।२७(शिक्षा चालु)आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ नियम ३९ अनुसार सरकारी रकमको खर्च लेख्नु अधि त्यस्तो रकम खर्च गर्ने वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिका स्तरिय राष्ट्रपति रनिङसिल्ड प्रतियोगिताको लागि रु.१०३०७३०। खर्च लेखेकोमा उक्त कार्यक्रममा के कुन शीर्षकमा कति खर्च भएको हो तथा उक्त प्रतियोगितामा कति विद्यार्थि खेलाडी समावेश भएका हुन,कुन विधाको प्रतिस्पर्धा भएको हो सो को बारेमा स्पष्ट खुल्ने प्रमाण तथा प्रतिवेदन संलग्न नभएकोले यकिन हुने प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,३०,७३० |

३१ **स्थानीय भत्ता**

भ्रमण खर्च नियमावली,२०६४ को नियम ७ को उपनिमय ११ अनुसार सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर कुनै पनि किसिमका भत्ता नपाउने उल्लेख छ । यस पालिकामा स्थानीय कर्मचारी प्रोत्साहन भत्ता भुक्तानी हुने गरेकोमा भ्रमण अवधिभरको कुनै पनि कर्मचारीहरुको नियमावली अनुसार भ्रमण खर्च भुक्तानी गर्दा स्थानीय भत्ता कट्टा गरी भुक्तानी गर्नुपर्नेमा नगरी भुक्तानी गर्ने गरेकोले नियमावली अनुसार नपाउने रकम कट्टा गरी भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

३२ **सचिवालय खर्च**

स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संसोधन र एकिकरण गर्न बनेको विधेयक,२०७६ अनुसार यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर नगर प्रमुखको स्वकीय सचिवका रुपमा सहायक चौथो स्तरको स्थायी कर्मचारीलाई मासिक सचिवालमा अतिरिक्त काम गरेको १२०००। प्रोत्साहन भत्ता भुक्तानी गरेकोले नियमानुसार सचिवालय खर्च गर्ने व्यवस्था नहुदा बार्षिक रु.१४४०००। भुक्तानी भएकोले नपाउने खर्च नियम सम्मत नदेखिएकोले यसमा सुधार हुनुपर्दछ ।

३३ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली,२०६४ को नियम ६ अनुसार सरकारी कामको सिलसिलामा मुलुकभित्र भ्रमण गर्नु पर्दा भ्रमण खर्च पाउने व्यवस्था छ । यस पालिकामा कार्यरत देहायका कर्मचारीहरुको हवाई टिकटमा बढी रकम राखी भुक्तानी भएकोले निजहरुबाट असुल गर्नुपर्ने रु.

| कर्मचारीको नाम | भ्रमण अवधि | टिकट रकम | भुक्तानी रकम | बढी भुक्तानी | कैफयत |
|---|---|---|---|---|---|
| डा.प्रकाश तिमलसिना | ०८०२।३० देखि ३।१ | १२४०० | १३४०० | १००० | टिकट मूल्य बढी राखेको |
| राम दयाल चौधरी | ०८०२।३० देखि ३।१ | १३००० | १४००० | १००० | टिकट मूल्य बढी राखेको |
| जम्मा | | | | २००० | |

| असुल गर्नुपर्ने | २,००० |
|---|---|

३४ **मेलमिलाप सम्बन्धि पुनर्ताजकि तालिम**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **३०,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३५ **कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल)**

कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्न लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरुमा बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुसरणवाट उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्नु र बिषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ पशु खरिद, वागवानी तथा ढुवानी, कृषि सामग्री तथा यन्त्र उपकरण, तालिम तथा अनुगमनका लागि कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका वीच ५,६३,७७,३५९।०० को लागत साझेदारीमा मिति २०८३ आषाढ ३२ सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०७९।१०।०४ मा सम्झौता भएको छ ।कुल लागत मध्ये ७०% ले हुने रकम रु.३,९४,६४,१५१।०० पालिकाले र बाँकी हुने रकम रु. १,६९,१३,२०८।०० हेफरले व्यहोर्ने व्यवस्था गरेको छ।यस परियोजना अन्तर्गत यस कार्यालयवाट हेफर प्रोजेक्ट नेपाललाई आ.व. २०८०।८१ मा रु.१,०३,७३,७६५।०० भुक्तानी भएको छ । हेफर इन्टरनेशनलसँग बहु वर्षीय दायित्व सिर्जना गर्ने गरी सम्झौता गर्नु बजेट नीति तथा सिद्धान्त बमोजिम देखिएन ।यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छन् :

३५.१ **(क)** पालिकाले हेफरसँग कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालनको लागि २०७९।१०।०४ मा तीन वर्षको लागि सम्झौता गरेको मध्ये पालिकाबाट गर्ने खर्च मध्ये अनुगमन र मुल्याङ्कनमा रु.७००२११.० र तालिममा रु.१८६५०३२.० समेत रु. २५६५२४३.० हेफरलाई किस्तामा उपलब्ध गराएको छ।पालिकामा रहेका स्थाई दरबन्दी भित्रको कृषि शाखाबाट सम्पादन गर्नुपर्ने नियमित काम उक्त गैरसरकारी संस्थालाई भुक्तानी गर्ने गरी सम्झौता गरेर व्ययभार बढाएको देखिएको रु.

| अनियमित भएको | २५,६५,२४३ |
|---|---|

३५.२ पालिकाले सम्पादन गर्नुपर्ने कार्यक्रमहरु जस्तो बाख्रा वितरण, खोर सुधार, घाँसको विउ वितरण तथा सचेतनासम्वन्धि तालिम कार्यक्रमहरुलाइ व्यवस्थापन गर्न दरवन्दी अनुसार कृषि तथा पशू प्राविधिक कार्यरत रहेको, कृषि तथा पशू सेवामा योगदान पुरयाउन एक पालिका एक प्राबिधिक को छुट्टै व्यवस्था गरिएकोमा यस्ता कार्यक्रमहरु कार्यालयका कर्मचारीहरुवाट नै नगराई परमर्शदाताको खोजी गरि हेफर प्रोजेक्ट नेपालबाट गराईनु युक्तिसंगत देखिएन।अत पालिकाका कृषि प्राविधिकबाट सम्पादन हुने पालिका भित्रका कामलाई पालिकाले समानिकरण अनुदानबाट गैरसरकारी संस्थालाई भुक्तानी गर्ने काम नियन्त्रण गर्नुपर्दछ।

पालिकाले नागरिकलाइ पुर्याउनुपर्ने आधारभूत कृषिमा आफ्नु स्वीकृत सम्रचनामार्फत सेवा पुर्याउनु पर्नेमा यस प्रकार अन्तराष्टिय

गैरसरकारी सस्था कार्य गराउदा खरिद ऐन २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदाता सँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चारत सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिई सम्झौता रकमको २ प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था छ । पालिकावाट हेफर प्रोजेक्ट नेपाललाई विना कुनै जमानत पेश्की दिएको नियम सम्मत भएन ।

३५.३ **(ख)** पालिका र हेफर नेपाल बीच भएको सम्झौता भएकोमा शत प्रतिशत कार्य उज्यालो नेपाल संस्था नेपाल मार्फत गराएको छ।हेफर नेपाल संस्थावाट उज्यालो नेपाल संस्था मार्फत सम्झौताको शत प्रतिशत कार्य गराई भुक्तानी लिएको पाईयो ।सम्झौताको बुदा न ९ अनुसार संचालित कार्यक्रमको कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले व्यवस्थापन कार्यविधि २०७७ बमोजिम चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि पालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेकोमा पालिकावाट स्थलगत अनुगमन सहित कमि कमजोरी भएकोमा सुधार गर्न लगाउने गरी प्रतिवेदन तयार भएको छैन् ।

**(ग)** सम्झौताको वुँदा नं. ८.५ मा परियोजनाको प्रगति प्रतिवेदनमा क्रियाकलाप सम्पादन भएको र त्यसवाट आएको उपलब्धी र सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी हेफर संस्थाले पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ । हेफर प्रोजेक्ट नेपालले यस कार्यक्रम वाट प्राप्त उपलब्धी र पारेको प्रभाव प्रतिवेदनमा समेटी पालिकामा पेश गर्ने गरेको देखिएन।उपलब्धी र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयार नगरी सम्झौता भएको छ।यसले गर्दा यो कार्यक्रम सञ्चालन पूर्व लक्षित परिवारहरुको कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास को बास्तविक अवस्था एकिन गरेको छैन् भने कार्यक्रम सञ्चालन पश्चात कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासमा के कस्तो सुधार तथा परिवर्तन भयो विश्लेषण गर्न सक्ने अवस्था रहेन।वस्तुगत आधार तथा मापदण्ड तयार नगरी कार्यक्रम सञ्चालन गर्नाले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आस्वस्त हुन सकिएन ।

३५.४ **(घ)** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार कुनै कारोबार गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थाई लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्थावाट मात्र गर्नुपर्ने र रु २० हजार भन्दा बढीको खरिद गर्नुपर्दा मु.अ.कर दर्ता भएकाबाट गर्न पर्ने व्यवस्था रहेको छ।त्यस्तै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० अनुसार कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नु भन्दा अघि कारोबार दर्ता गरेको हुनुपर्ने र दफा १४ अनुसार बस्तु वा सेवा आपुर्ति गर्दा प्रापकलाई बिजक दिनुपर्ने र नियमावली, २०५३ को नियम १७ अनुसार दर्ता भएको व्यक्तिले कुनै बस्तु वा सेवा आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनुसूची- ५ र ५क बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष हेफर प्रोजेक्ट नेपाल लाई रु. १,०३,७३,७६५।०० भुक्तानी गरेको र हेफर प्रोजेक्टले उज्यालो नेपाल संस्था मार्फत कार्यक्रम कार्यान्वियन गराएकोमा हेफर प्रोजेक्ट नेपाल वा स्थानिय साझेदारले नियमानुसारको विजक वा कर विजक जारी गर्ने गरेको छैन् र पालिकाले समेत विल विजक माग नै नगरी कारोबार रकम भुक्तानी दिने गरेको देखियो ।अत : कानून अनुसार बिल विजक जारी नै नगरी आर्थिक कारोबार गरेको देखिएकोले नियमसम्मत देखिएन ।हेफर नेपालसँग कार्यक्रम सम्झौता भएकोले सोही संस्थाले बिजक जारी गर्नु पर्नेमा स्थानीय गैर सरकारी संस्था प्रयोग गरी खर्चका बिल भरपाईहरु पेश गरेको अवस्थामा भुक्तानी हुने गरेकोले पालिकावाट भुक्तानी भएको कार्यक्रममा लागत साझेदारी गर्नुपर्नेमा संस्थाको कर्मचारी तलब जस्तो प्रशासनिक कार्यमा गैरसरकारी संस्थाले ३० प्रतिशत योगदान गर्ने र ७० प्रतिशत वास्तविक कार्यक्रम खर्च पालिकाले वेहोर्ने गरी सम्झौता गरेकोले गैह्सरकारी संस्थाको आफ्नै कर्मचारीको तलव खर्च साझेदारी रकममा परेको र बैंक ग्यारेण्टी बिना पेश्की दिई काम गराउने कार्य गरेको अनियमित देखिन्छ ।

**(ङ)** सम्झौताको वुँदा नं. ७.२.२ मा प्रथम पक्षले वार्षिक रुपमा स्वीकृत गरेको रकम तीन किस्तामा उपलब्ध गराउनुपर्नेछ ।जस अन्तर्गत पहिलो किस्ता कुल रकमको बढीमा २५%, दोश्रो र तेश्रो किस्ताको पेश्की रकम भौतिक र आर्थिक कार्यप्रगति प्रतिवेदन र अनुगमन

प्रतिवेदनका आधारमा दोश्रो पक्षको नाममा संचालन गरिने उपयुक्त बैंक खातामा उपलव्ध गराउनुपर्ने व्यवस्था छ ।कार्यालयले यस वर्ष पहिलो पेश्की वापत रु.२७८८६७९.० दोस्रो पेश्की वापत रु ४३८६०००.० र तेस्रो पेश्की वापत रु.३००००००.० गरी कुल रु. रु.१०१७४६७९.० पेश्की उपलब्ध गराएकोमा कुल रु. १,०३,७३,७६५.० खर्च भएको पाईयो ।

**(च)** पालिका साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि,२०७९ को वुँदा नं. १५ मा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले चौमासिक अनुगमन तथा मूल्यांकन गर्नुपर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि पालिका स्तरीय अनुगमन तथा मूल्यांकन समितिले साझेदारी कार्यक्रमको अनुगमन मूल्यांकन गर्ने र सो समितिको सिफारिसमा अन्तिम भुक्तानी दिइनेछ भन्ने व्यवस्था छ। कार्यविधिको व्यवस्था विपरीत खरिद सम्झौतामा व्यवस्था राखी हेफर प्रोजेक्ट नेपाललाई चौमासिक रुपमा पेश्की दिई कार्यसम्पन्न भएको छ।जसले गर्दा अनुगमन तथा मूल्यांकन समितिले साझेदारी कार्यक्रमको अनुगमन मूल्यांकन गरी समितिको सिफारिसमा अन्तिम भुक्तानी दिइने व्यवस्था लागू हुने अवस्था देखिन्न।पालिकावाट कार्यक्रमको उपलब्धी र प्रभावका वारेमा विश्लेषण गरेको देखिएन । कार्यविधिको प्रावधान विपरीत अन्तिम किस्ता समेत पेश्कीको रुपमा भुक्तानी दिनु नियम सम्मत भएन ।

| असुल गर्नुपर्ने |
|---|

३५.५ **(छ)** पालिका र हेफर नेपाल बीच भएको सम्झौतामा स्थानिय संस्था उज्यालो नेपाललाइ परामर्स सेवा उपलब्ध गराएको रु.२५६५२४३.० र रु. ५०००० हजार भन्दा बढीको खरिद रु.१९९६६३९.० गरी कुल रु.४५६१८८२.० मा आयकर ऐन २०५८ अनुसार १।५ प्रतिशत भुक्तानीमा कर कट्टी नगरेको रु.

| असुल गर्नुपर्ने | ६८,४२८ |
|---|---|

## ३६ प्रमाण वेगर भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावलि २०७७ को दफा ३९ को (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्न अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत गुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। कार्यालयले देहायका विभिन्न व्यक्ति तथा संस्थाहरुलाई रकम भुक्तानी गर्दा संलग्न प्रमाण कागजातरहरुको रित नपुगी खर्च गरेको देखिएकोले यकिन गरी प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| गो.भौ. | भुक्तानी लिने | खर्च रकम | कैफियत |
|---|---|---|---|
| ६६ | कालिगौडी टोल विकास संथा(तिज विशेष कार्यक्रम वडा न ७ | २२५० | टेन्ट प्रयोग भएको प्रमाण नभएको कार्यक्रम खुला चौरमा गरे पनि घरमा गरेको भनि घरभाडा दावि गरेको |
| ९२ | लठुवा टोल विकास संथा | ४५०० | ९ जना उपस्थित कार्यक्रममा अटो भाडा बापतको ५००० भुक्तानि स्भाविक नदेखिएको |
| १०० | लाखे जात्रा संकृति संरक्षण तथा सम्बर्धन उ स | ७६८० | १८ जना उपस्थित कार्यक्रममा ५० जनाको खाजा खर्च प्रतिव्यक्ति रु.२४० को दरले भुक्तानिगरेको बढी भुक्तानी असुल गर्नुपर्ने । |
| १७२ | महेशि चौधरी | ३८५० | तिज विषेश कार्यक्रम वडा न २ मा उपस्थित भन्दा बढि खाजा भुक्तानि गरेको |
| ११३ | ठाकुरबाबा प्रज्ञा प्रतिष्ठान | १२०० | वालविकास शिक्षकहरुलाई सम्मान सहित मादल तालिममा विल भन्दा बढी भुक्तानी |
| ११४५ र ९५ | केशव प्रसाद खनाल | ४७८१० | हेडफोन वितरण गरेको भनि खर्च दावि गरेकोमा खर्च पुष्ट्याईको आधार पेश भएन । |
| १६ | प्रकाश तिमिल्सेना | ७००० | मिति २०८०।२।३० देखि २०८०।३।१ सम्म IMS स्वास्थ विमा बोर्ड सम्बन्धि तालिममा काठमाण्डौ गएको वोडिङ पास मिति (२०७९।१२।१५)को पेश गरेको |
| | जम्मा | ७४२९० | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **४०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७४,२९० |

३७ **शसर्त अनुदानको रकम अन्य शीर्षकमा खर्च**

शसर्त अनुदान: शसर्त अनुदानको रकम तोकिएको कार्यक्रम योजनामा खर्च हुन नसकेमा सोहि आर्थिक वर्षको असार मसान्तमा संघिय संचितकोषमा फिर्ता गरिसक्नु पर्नेमा ०७९।८० को दिवा खाजा कार्यक्रम अन्तर्गत विद्यालयको लेखापरिक्षण प्रतिवेद अनुसार श्री त्रिभुवन मा वि भुरिगाँउलाई भुक्तानि भएको जम्मा रु.१५३५८६५ मध्ये रु १४५५९१२ सोहि कार्यक्रममा खर्च भएको र बाँकी रकम रु.७९९५३ अन्य कार्यक्रम तथा प्रयोजनमा खर्च गरेको विद्यालयको लेखापरिक्षण प्रतिवेदनबाट देखिएकोले संघिय अनुदान असम्वन्धित कार्यक्रममा खर्च गर्न नमिल्ने भएकोले असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७९,९५३ |

३८ **नाफामूलकसंस्थालाईअनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाईअनुदान उपलब्ध गराउन मिल्ने देखिदैन। यो वर्ष नाफा मूलक संस्था सिहबाहीनि शिवशक्ति कृषक बहुउदेश्यीय सहकारी संस्था लि लाई रु १००००००। कोल्डरुम निर्माण तथा व्यवस्थापन लगायतमा अनुदान दिएको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १०,००,००० |

३९ **टुक्रा खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ । साथै दश लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान खरिद र निर्माण कार्य सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सक्ने व्यवस्था छ। तर कार्यालयले निम्न मालसामान खरिद गर्दा सेवाप्रदायकसँग पटक पटक खरिद गरी रु १० लाख भन्दा कम हुने गरी टुक्रा पारी सोझै खरिद गरेकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| गो भौ | व्यक्ति।फर्म। कम्पनी | कार्यक्रम तथा खरिद सामाग्रि | रकम |
|---|---|---|---|
| ५३०।०८०।११।१३ | आचार्य स्टेश्नर्स एण्ड सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्रि | ९८२६०८ |
| १२४५।०८१।३।२४ | | | २४४४८५ |
| विभिन्न गो भौ बाट (५०प्रतिशत अनुदान किसान समेतको रकम सहित) | संजय ट्रेडर्स एण्ड सप्लायर्स | नगर कृषि तर्फको सुख्खा ठाउँ लक्षित साना सिचाई प्रबर्द्धन कार्यक्रम अन्तर्गत बोरिङ जडान र मोटर खरिद एवं वडा न ६ को स्वीकृत कार्यक्रम अन्तर्गतको सिचाई बोरङ खरिद जडान बापत | २३४८५६८ |

४० **परामर्श सेवाः**

कार्यालयले आ.व. २०८०/८१ मा परामर्श सेवा खरिदमा कुल रु.२२३३४४५.० खर्च गरेको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन ।

४०.१ **लागत अनुमानः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२(क),(ख),(ग) मा परमामर्श सेवाको लागत अनुमान सम्बन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमान नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स,सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त,सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतलाई आधार लिनुपर्ने व्यवस्था छ।कार्यालयले देहाय बमोजिमका परामर्श सेवा खरिदमा Team Leader,Civil Engineer,Sub-

Engineer,Surveyor जस्ता विज्ञहरुको आवश्यकता कस्ता कार्यको लागि सम्बन्धित विज्ञताको आवश्यक हुने सम्बन्धमा नियमावलीले तोकेका आधारहरुलाई पालना नगरी तथा स्पष्ट आधार बेगर लागत अनुमान तयार गरेको पाईयो ।कार्यालयले नियमावली बमोजिम काम कारवाही गर्नुपर्दछ ।

| क्र.सं. | गो.भौ/मिति | कामको विवरण | परामर्शदाता | लागत अनुमान | खर्च रकम |
|---|---|---|---|---|---|
| १ | ५१६/२०८०/११/११ (न पा चालु) | मानव वन्यजन्तु द्धन्द न्युनिकरण पर्खाल निर्माण**(IEE)** | Moving Mountain Pvt.Ltd | ४९३८१०.० (भ्याट सहित) | ४९३८१०.० |
| २ | ८८२/२०८१/०२/१७ (न पा चालु) | आन्तरिक व्यस्थापन नियन्त्रण कार्यप्रणालि तयार | बजार विकास केन्द्र प्रा लि,काठमाण्डौं | २९९९०२.०(भ्याट सहित) | २८७०२०.० |
| ३ | ११४२/२०८०/११/११ (न पा चालु) | आर्थिक विकास योजना तयार | E-Catch Engineering Consultancy Pvt Ltd | ४९८१८८.७५(भ्याट सहित) | ४८३६४०.० |
| ४ | ११४६/२०८१/०३/१८ (न पा चालु) | SDG Localization Strategic Plan | Integrated Studies & Research Centre P Ltd | ४९९०३६.२५(भ्याट सहित) | ४८४७७०.० |
| ५ | ११६९/२०८१/०३/१८ (न पा चालु) | Preparation of Economic Survey | Prospect Engineering Solution | ४९८१८८.०७(भ्याट सहित) | ४८४२०५.० |
| **जम्मा** | | | | | **२२३३४४५.०** |

४०.२ **वाह्य परामर्शदाताबाट योजना तर्जुमाः** राष्ट्रिय योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७४ दफा ६ मा आयोगको काम, कर्तव्य, अधिकारअन्तर्गत संघ, प्रदेश र स्थानीय तहको विकाससम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने उल्लेख छ । राष्ट्रिय योजना आयोगद्वारा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५(नमूना) समेत जारी गरेको अवस्था छ । सो दिग्दर्शनमा आवधिक योजना तर्जुमाका प्रक्रिया, जिम्मेवारी निर्धारण, संस्थागत संयन्त्र, विषय क्षेत्रगत समिति तथा उपसमितिको भूमिका, क्षेत्रगत रणनीति तथा कार्यक्रमहरू, एकीकृत दस्तावेज तयारी, स्वीकृति र प्रकाशन लगायतका विषय उल्लेख छन् । पालिकाका प्रमुख, उपप्रमुख, कार्यपालिका सदस्य, नगरसभा सदस्य, प्रमुख प्रशासकीय अधिकृत, विषय क्षेत्रगत प्रमुखहरूको सहभागिता एवं सक्रियतामा गठित समितिहरू तथा उपसमितिहरूबाट तयार गरिएका विषय क्षेत्रगत दस्तावेजहरू उपर विभिन्न चरणमा तथ्यांक संकलन, दफावार छलफल गरी योजनाको खाका तयारी गर्नुपर्ने तथा विद्यायिकी प्रक्रिया पूरा गरी सम्बन्धित कार्यपालिकाबाट स्वीकृत गराउनुपर्नेमा पालिकाले उल्लिखित प्रकृया पुरा नगरी परामर्शदाताबाट तयार गराएको देखियो ।

४०.३ **पेशागत दायित्व बीमाः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८१(७) मा ऐनको दफा ३८ बमोजिम सम्झौता गर्ने परामर्शदाताले सम्झौता गरेको तीस दिन भित्र सम्झौताको कूल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व बीमा(प्रोफेशनल लायविलिटी इन्सोरेन्स) पेश गर्नुपर्ने व्यवस्था छ साथै नियम ८१(८) मा परामर्शदाताले तीस दिन भित्र पेशागत दायित्व बीमा दाखिला नगरेमा सार्वजनिक निकायले त्यस्तो खरिद सम्झौताको अन्त्य गरी निजलाई कालो सूचीमा राख्न सम्बन्धित निकायमा सिफारिस गर्नुपर्ने समेत व्यवस्था रहेको छ ।पालिकाले देहाय बमोजिमका परामर्श सेवा खरिदमा परामर्शदाताले नियमावली अनुसार पेशागत दायित्व बीमा तोकिएको म्याद भित्र पेश गरेको पाइएन ।कार्यालयले नियमावली बमोजिम गर्न ध्यान दिनुपर्दछ ।

४०.४ **कार्यान्वयनको अवस्थाः** कार्यालयले माथि उल्लेखित IEE तथा Survey जस्ता कार्यबाट प्राप्त परामर्श तथा सुझावहरु पुर्ण रुपमा कार्यान्वयन भएको पाईएन ।कार्यालयले प्राप्त परामर्श तथा सुझावलाई पुर्ण रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४१ **आधारभूत नगर अस्पतालः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११)४(ख .अन्तर्गत गाउँपालिका तथा नगरपालिकाको स्वास्थ्य क्षेत्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अधिकार सम्बन्धमा उल्लेख छ । नेपालको संविधानको संविधानको

धारा ५७ उपधारा ४ सँग सम्बन्धित अनुसूचि ८ ले आधारभूत स्वास्थ्य तथा सरसफाई सम्बन्धी अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । पालिका अन्तर्गत एक प्राथमिक स्वास्थ्य केन्द्र रहेको छ । सर्वसाधारण जनतालाई सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन वहिरङ्ग, आकस्मिक, अन्तरङ्ग, सुरक्षित मातृत्व तथा परिवार नियोजन सेवा आदि प्रदान गर्ने उद्देश्यले स्थापना भएको यस प्राथमिक स्वास्थ्य केन्द्रले स्वास्थ्य बीमा कार्यक्रम, अस्पताल फार्मेसी सेवा सञ्चालन समेत गर्दै आइरहेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् ।

४१.१ **दरबन्दी तथा पदपूर्तिः** ठाकुरबाबा नगरपालिकाको आधारभूत नगर अस्पताल सञ्चालन सम्बन्धी कार्यविधि,२०७९ को (पहिलो संशोधन,२०८०) दफा ७ मा मेडिकल जनरलिष्ट(नवौं/दशौं) सहित २४ जनाको दरबन्दी व्यवस्था भएकोमा ९ जनाको मात्र पदपूर्ति भई ल्याब टेक्निसियन,रेडियोग्राफर,प्रशासन सहायक,फिजियो थेरापिष्ट लगायत १५जनाको पद रिक्त रहेको पाईयो ।यसका अतिरिक्त प्राथमिक नगर अस्पतालले २ मेडिकल अफिसर, ३ हेल्थ असिस्टेन्ट, ४ स्टाफ नर्स,१ कार्यालय सहयोगी र ३ सफाईकर्मि करारमा नियुक्ती गरेको देखियो । रिक्त दरबन्दीको पदपुर्ति गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याईनुपर्दछ ।

**काउन्टरतर्फको आम्दानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दशप्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागीय कारवाही समेत गर्नुपर्ने व्यवस्था छ । प्राथमिक स्वास्थ्य केन्द्रले प्राप्त आम्दानी दैनिक रुपमा दाखिला गर्ने गरेको देखिएन । कार्यालयले महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत म.ले.प. फारमहरूको प्रयोग गर्नुपर्दछ ।प्राथमिक स्वास्थ्य केन्द्रले आम्दानी सम्बन्धी सफ्टवेयर मार्फत समेत आम्दानी गर्ने गरेको भएता पनि असुली भएको सबै रकम तोकिएको अवधि भित्र राजस्व जम्मा भए नभएको यकिन गर्न सकिएन ।

प्राथमिक स्वास्थ्य केन्द्रले यस वर्ष जनरल काउन्टरतर्फ नगद रु.८८७७२०९.०(सफ्टवेयरमार्फत) नगद आम्दानी देखिएकोमा के कति रकम बैंक दाखिला भयो भन्ने यकिन गर्न सकिएन ।प्राथमिक स्वास्थ्य केन्द्रले वास्तविक आम्दानी यकिन गरेर समयमै दाखिला गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

**अस्पताल फार्मेसीः** अस्पताल फार्मेसी सञ्चालन निर्देशिका, २०७८ को बुँदा नं. ७ मा नेपाल सरकारबाट निशुल्क वितरण गर्न तोकिएका औषधिहरू अस्पताल फार्मेसीले निशुल्क रुपमा उपलब्ध गराउनु पर्ने तथा निशुल्क उपलब्ध गराउनु पर्ने औषधिहरूको छुट्टै व्यवस्थापन गर्नुपर्ने उल्लेख छ ।प्राथमिक स्वास्थ्य केन्द्रले निशुल्क वितरण गर्नुपर्ने औषधिहरूको छुट्टै व्यवस्थापन गरेको देखिएन । निशुल्क वितरण गरिने औषधिहरूमा पुर्ण रुपमा निशुल्कको छाप नरहेको, निशुल्क वितरणका औषधिहरूको छुट्टै जिन्सी अभिलेख अद्यावधिक नराखेको देखियो । यसमा सुधार हुनुपर्दछ ।फार्मेसी सञ्चालनका लागि आवश्यक औषधिहरू सोझै खरिद विधिबाट पटक पटक खरिद गर्ने गरेको देखियो ।वार्षिक खरिद योजना तयार गरी एकमुष्ट रुपमा बोलपत्रमार्फत खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।
फार्मेसी काउन्टरतर्फको आम्दानी अस्पताल फार्मेसी काउन्टरतर्फ यस वर्ष नगद रु.४५७६५२०.० प्राप्त भएको देखिएकोमा के कति रकम बैंक दाखिला भयो भन्ने यकिन गर्न सकिएन ।प्राथमिक स्वास्थ्य केन्द्रले वास्तविक आम्दानी यकिन गरेर समयमै दाखिला गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४१.२ **स्वास्थ्य बीमा कार्यक्रमः** स्वास्थ्य बीमा नियमावली, २०७५ अनुसार प्रत्येक स्थानीय तहमा स्वास्थ्य बीमा संयोजक समिति रहने व्यवस्था छ । स्थानीय तह स्वास्थ्य बीमा संयोजक समिति गठन तथा सञ्चालन सम्बन्धी नमूना कार्यविधि, २०७८ अनुसार सम्बन्धित पालिकाको प्रमुख/अध्यक्षको संयोजकत्वमा स्वास्थ्य बीमा संयोजक समिति गठन हुने तथा समितिको काम कर्तव्य तथा अधिकारको सम्बन्धमा उल्लेख छ । पालिकामा स्वास्थ्य बीमा संयोजक समिति गठन भएको तथा क्रियाशिल रहेको देखिएन ।प्राप्त विवरण अनुसार यस वर्ष १३१८ जनाको रु.१४०४९२३.५७ बिमा माग दाबि भएकोमा रु.११९०२२१.० प्राप्त भएको छ ।स्वास्थ्य बीमातर्फ के-कति रकम बराबरको दाबी गरिए तथा के कति रकम प्राप्त भए सोको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।प्राथमिक स्वास्थ्य केन्द्रको यस वर्षको

जनरल काउन्टरतर्फ क्रेडिट आम्दानी रु.१८१६९९१.० रहेको तथा अस्पताल फार्मेसीतर्फको क्रेडिट आम्दानी रु.१८५०८६६.४५ रहेको देखिन्छ । बीमा तथा निशुल्क सेवा प्रदान गर्दा संलग्न गर्नुपर्ने कागजातहरुलाई व्यवस्थित अभिलेख गरी नराखेकोले सो सम्बन्धमा अभिलेख भिडान गर्न सकिएन । बिमा तथा निशुल्क सेवा प्रदान गर्दा आवश्यक कागजात तथा अभिलेख व्यवस्थित गरी पेश हुनुपर्दछ ।

**कर दाखिला :** आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोहि दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजश्वको लेखा राखि बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ ।आधारभूत नगर अस्पतालले कट्टा गरेको सामाजिक सुरक्षा कर, पारिश्रमिक कर, अग्रिम आयकर समयमा राजश्व दाखिला गरे नगरेको यकिन हुन सकिएन । नियमानुसार समयमै बैंक दाखिला हुनुपर्दछ ।

४१.३ ठाकुरबाबा नगरपालकाको आधारभूत नगर अस्पताल सञ्चालन सम्बन्धी कार्यविधि,२०७९ को (दोस्रो संशोधन,२०८०) दफा ७(ङ) मा कार्यालय समय बाहेकको अतिरिक्त समय काम गरेबापत प्रोत्साहन पाउनका लागि ई-हाजिरी रेकर्ड तथा अस्पताल व्यवस्थापनबाट प्रमाणित कार्यसम्पादनमा प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नु उल्लेख छ ।प्राथमिक स्वास्थ्य केन्द्रले यस वर्ष कार्यविधि बमोजिम विभिन्न सेवा प्रदान गरेबापत सेवा प्रदायकहरूलाई १५ प्रतिशत देखि ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता प्रदान गरेको देखियो ।प्राप्त विवरण अनुसार यस वर्ष नगर अस्पतालले कर्मचारी प्रोत्साहन सुविधा वापत रु.४४६३३७.० र अतिरिक्त प्रोत्साहन सुविधा वापत रु.१४७६८८.० गरी कुल रु.५९४०२५.० प्रोत्साहन भत्ता वितरण गरेको पाईयो ।प्राथमिक स्वास्थ्य केन्द्रले कार्यविधि विपरित ई-हाजिरी रेकर्ड तथा अस्पताल व्यवस्थापनबाट प्रमाणित कार्यसम्पादनमा प्रतिवेदन बेगर प्रोत्साहन भत्ता भुक्तानी नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,९४,०२५ |

४१.४ **औषधीको/सर्जिकल सामाग्रिको गुणस्तरः-** सार्वजनिक खरिद नियमावलीको नियम १११(१)(ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ ।कार्यालयले यस वर्ष रु.५२४८४४९.० बराबरको औषधि तथा सर्जिकल सामाग्रि खरिद गरेको पाईयो ।बार्षिक रुपमा खरिद गर्ने औषधी तथा औषधीजन्य सामग्रीको गुणस्तर सुनिश्चितता गर्न आधिकारिक प्रयोगशाला परीक्षण गर्ने/गराउने तथा सो बमोजिम उक्त औषधी तथा सामग्रीहरुको निरीक्षण गराएको पाइएन ।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार गुणस्तर पक्षको सुनिश्चितता गर्न गुणस्तर परीक्षण गर्नुपर्दछ ।

४२ **ENSSUREपरियोजनाः**

सन् २०२१ सेप्टेम्बर १० मा नेपाल सरकार र स्वीस सरकार बीच दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना(**Enhanced Skills for Sustainable and Rewarding Employment-ENSSURE)** सञ्चालनार्थ भएको द्बिपक्षीय सम्झौता र परियोजना कार्यान्वयनमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको जिम्मेवारी रहेको परियोजनाको दस्तावेज (**Project Document)** मा समावेश भए वमोजिम लुम्बिनी प्रदेश सरकार र लुम्बिनी प्रदेश अन्तर्गतका ११ वटा स्थानीय तहहरु मार्फत संचालन हुने परियोजना क्रियाकलाप प्रभावकारी कार्यान्वयन गर्न आ.व. २०८०/८१ का लागि यो कार्ययोजना तयार गरिएको हो।

संघीय संरचना अनुरूपको प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम मार्फत नेपालका यूवा, महिला तथा पुरुषहरुले सामाजिक तथा आर्थिक लाभ प्राप्त गर्ने मुख्य उदेश्यका साथ कार्यान्वयन हुने यस परियोजनाले उद्योग व्यवसायहरुसँगको सहकार्यमा विभिन्न पेशा र क्षेत्रहरुमा २४ महिने अप्रेन्टिसिप र १० महिने कार्यगत अभ्यास सहितको तालिम (१६९६ घण्टा) संचालन गर्नेछ। यसका साथै यस परियोजनाले माध्यामिक विद्यालयका विद्यार्थीहरु तथा विद्यालय बाहिर रहेका यूवाहरुलाई वृत्ति मार्गनिर्देशन (**Career Guidance)** सेवा प्रदान गर्ने, रोजगारीमा रहेका तथा बैदेशिक रोजगारीबाट फर्केका यूवाहरुका लागि सीप स्तरोन्नती तालिम संचालन गर्ने र उद्योग व्यवसायमा मानव संसाधन व्यवस्थापन तथा व्यवसायजन्य स्वास्थ्य, सुरक्षा कायम गर्न सहयोग गर्ने रहेको

छ ।यो परियोजना संघीय तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (**CTEVT)** ले, प्रदेश तहमा सामाजिक विकास मन्त्रालयले र स्थानीय तहमा सम्बन्धित स्थानीय तहहरुले हेल्भेटास नेपाल (**HELVETAS Nepal)** को प्राविधिक सहयोगमा कार्यान्वयन गर्ने सम्बन्धमा इन्स्योर दोस्रो चरणको परियोजना अवधि वि.सं २०७८ भाद्र २५ गते देखि वि.सं २०८२ असार ३१ गते (तदनुसार १० सेप्टेम्बर २०२१ देखि १५ जुलाई २०२५) सम्म रहेको छ ।यस परियोजना लुम्बिनी प्रदेशमा सामाजिक विकास मन्त्रालय र ११ वटा स्थानीय तहहरुमा सञ्चालनमा रहेको छ जसमध्ये ठाकुरबाबा नगरपालिका पनि रहेको छ ।

पालिकाले आ.व. २०८०/८१ मा वृत्ति मार्गनिर्देशन (**Career Guidance)** सेवा र १० महिने कार्यगत अभ्यास सहितको तालिम (१६९६ घण्टा) संचालन वापत रु.४९२५६००.२५ खर्च लेखेको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्

४२.१ **कार्यगत अभ्यास सहितको तालिमः** पालिकाले देहाय बमोजिम विभिन्न तालिम प्रदायकबाट पाँच प्रकारका १० महिने कार्यगत अभ्यास सहितको तालिम (१६९६ घण्टा) संचालन गरी रु.३०६४९७७.० खर्च गरेको पाईयो ।

पालिकाले देहाय बमोजिम प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम मार्फत प्रशिक्षार्थीहरुले सामाजिक तथा आर्थिक लाभ प्राप्त हुने गरी रोजगारी तथा आयमा वृद्धि,जिवनस्तर सुधार,उद्यमशिलता प्रबर्द्धन र व्यवहारगत परिवर्तन भए नभएको सो सम्बन्धमा पालिकाले मापदण्ड वा मानक बनाई अनुगमन तथा मुल्यांकन,सुपरीवेक्षण र प्रगति प्रतिवेदन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| गो.भौ.नं/मिति | कार्यक्रमको नाम | सेवा प्रदायकको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ११६/२०८०/०९/२३ | प्रोफेशनल कुक तालिम तह २ | Cosmopolitan Consultant & Technical Education Center Pvt Ltd | १०४८५०. | २० जना प्रशिक्षार्थी |
| २२१/२०८०/१२/१५ | | | ४५७६२१.७५ | |
| २५७/२०८१/०१/०४ | पेशागत कुक तालिम | Shiva Institute of Multi Technical Education Pvt Ltd | ४६५७२९.० | २० जना प्रशिक्षार्थी |
| ४९२/२०८१/०३/२२ | | | १२११९९.९९ | |
| ५०४/२०८१/०१/२५ | Professional Accountant Training(1696 Level II/10 months) | Name Institute,Nepalgunj | ४६७६४३.० | २० जना प्रशिक्षार्थी |
| ५०६/२०८१/०३/२३ | | | ११४९००.० | |
| 192/२०८०/११/२१ | Professional Training of Computer Hardware and Network Technician,Level 2(1696 Level II/10 months) | Jayan Technical College of Technology Pvt Ltd.Butwal | १२११२५.० | २० जना प्रशिक्षार्थी |
| ३१८/२०८१/०२/१४ | | | ३६०००.० | |
| ३२४/२०८१/०२/१६ | | | २५९१३१.० | |
| ४८४/२०८१/०३/२२ | | | १९४३४८.० | |
| ४८७/२०८१/०३/२२ | | | ६४२७५.० | |
| ४८६/२०८१/०३/२२ | | | ६७७२५.० | |
| १९१/२०८०/११/२१ | ProfessionalLight Vechicle Mechanic, CTEVT Level 2(1696 Level II/10 months) | Jayan Technical College of Technology Pvt Ltd.Butwal | ७६८००.० | २० जना प्रशिक्षार्थी |
| ३१७/२०८१/०२/१४ | | | ६०१५०.० | |
| ३२२/२०८१/०२/१६ | | | २५९१३१.० | |
| ४८४/२०८१/०३/२२ | | | १९४३४८.० | |
| **जम्मा** | | | **३०६४९७७.०** | |

४२.२

**मूल्य अभिवृद्धि कर कट्टी** – मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ ग अनुसार ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु, सेवा वा दुवै आपूर्ति गरी सो बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको तीस प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।पालिकाले देहाय बमोजिम कर रकमको तीस प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गर्नुपर्ने रु.

| गो.भौनं./मिति | विवरण | भुक्तानी रकम | मू.अ.कर रकम(३० %) |
|---|---|---|---|
| ११६/२०८०/०९/२३ | Cosmopolitan Consultant & Technical Education Center Pvt Ltd(PAN 302858730) | १०४८५०.० | ४०८९.० |
| २२१/२०८०/१२/१५ | | ४५७६२१.७५ | १७८४७.० |
| २५७/२०८१/०१/०४ | Shiva Institute of Multi Technical Education Pvt Ltd(PAN 303900532) | ४६५७२९.० | १८१६३.० |
| ४९२/२०८१/०३/२२ | | १२११९९.९९ | ४७२७.० |
| २५५/२०८१/०१/०४ | Name Institute,Nepalgunj(PAN 603115066) | ४६७६४३.० | १८२३८.० |
| ५०६/२०८१/०३/२३ | | ११४९००.० | ४४८१.० |
| 192/२०८०/११/२१ | Jayan Technical College of Technology Pvt Ltd.Butwal(PAN 304409550) | १२११२५.० | ४७२४.० |
| ४८७/२०८१/०३/२२ | | ६४२७५.० | २५०७.० |
| ४८६/२०८१/०३/२२ | | ६७७२५.० | २६४१.० |
| १९१/२०८०/११/२१ | | ७६८००.0 | २९९५.० |
| ३१७/२०८१/०२/१४ | | ६०१५०.० | २३४६.० |
| **जम्मा** | | | **८२७५८.०** |

| प्रमाण पेश नगरेको | ८२,७५८ |
|---|---|

४२.३ **वृत्ति मार्गनिर्देशन (Career Guidance) सेवाः** पालिकाले यस वर्ष ९ प्राविधिक धार भएका विद्यालयका ५८६ जना (१९ ग्रुप) विद्यार्थीहरुलाई वृत्ति मार्गनिर्देशन सेवा प्रदान गरी कुल रु.५५५०००.० खर्च भएको पाईयो ।

ठाकुरबाबा नगरपालिकाको वृत्त मार्गनिर्दशन कार्यविधि,२०८१ को दफा २४ मा वृत्ति मार्गनिर्देशन सेवाको गुणस्तरीयता र प्रभावकारीताको लागि अनुगमन तथा सुपरीवेक्षण शिक्षा विकास महाशाखा र निर्देशक समितिबाट हुने व्यवस्था भएकोमा पालिकाले वृत्ति मार्गनिर्देशन सेवाको गुणस्तरीयता र प्रभावकारीताको लागि अनुगमन तथा सुपरीवेक्षण गरे नगरेको यकिन हुन सकिएन ।

**प्रतिवेदन सम्बन्धमाः** ठाकुरबाबा नगरपालिकाको वृत्त मार्गनिर्दशन कार्यविधि,२०८१ को दफा २५ मा वृत्ति मार्गनिर्देशन सेवाको कार्यक्रम सम्पन भइसके पछि विद्यालयले त्रैमासिक/बार्षिक प्रतिवेदन ठाकुरबाबा नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा र निर्देशक समिति समक्ष पेस गर्नु पर्ने साथै वृत्ति मार्गनिर्देशन शिक्षकले विद्यार्थीले छनोट गरेको वृत्ति अनलाइन डाटावेसमा प्रविष्टि गरी सोको प्रतिलिपि प्रगति प्रतिवेदनसंगै निर्देशक समिति समक्ष पेस गर्नु पर्ने व्यवस्था रहेकोमा पालिकाले कार्यविधि बमोजिम गर्न गराउनतर्फ ध्यान दिनुपर्दछ ।

४३ **विद्यालय व्यवस्थापन र नियमनः**

सा**र्वजनिक विद्यालय शैक्षिक गुणस्तरः** पालिका अन्तर्गत संचालित माध्यमिक तहसम्मको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य पालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछ ।सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वियन गर्नुपर्नेमा सो गरेको छैन ।अतः शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वियन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन

मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

**निजि विद्यालय व्यवस्थापनः** यस पालिकामा १२ वटा निजी विद्यालय रहेका छन् ।पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन भने निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छ छैन सो को अनुगमन गरी अनुगमन प्रतिवेदन तयार गरी अभिलेखाङ्कन गरेको पाईएन ।सो सम्बन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

**विद्यालयको अनुगमन नियमन व्यवस्थाः** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण,अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्बन्धि मापदण्ड तय गरेको छैन।जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४४ **शिक्षक दरवन्दी र पदपुर्तिः-**

शिक्षा नियमावली,२०५९ को नियम ९२ मा विद्यालयमा रहने शिक्षक दरबन्दी बारे व्यवस्था रहेको छ साथै नियम ७७ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा रहने विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई क्षेत्रमा पचास,पहाड क्षेत्रमा पैतालीस र हिमाली क्षेत्रमा चालीस हुनुपर्ने व्यवस्था रहेको छ ।स्थानीय तह अन्तर्गत विभिन्न तहका १८ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको छ।

| विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या | प्रति शिक्षक बिद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १८ | २११(राहत समेत) | २११ | ८७ | १००३१ | १:४७ |

पालिकामा १८ सामुदायिक विद्यालय रहेकोमा शिक्षक दरबन्दी राहत समेत २११ रहेकोमा ८७ जना करार समेत २११ नै पदपुर्ति भएको देखियो भने Student Teacher Ratio(STR) १:४७ रहेको छ ।पालिकाले शिक्षक पदपूर्ति तथा शिक्षक विद्यार्थी अनुपात मिलानतर्फ ध्यान दिनुपर्दछ ।

४५ **विद्यालयगत निकासा रजिष्ट्ररः**

अधिकार प्राप्त अधिकारीले आम्दानी खर्च ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा सुनुश्चित हुनुपर्दछ । पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुलाई दोहोरो भुक्तानी नहुने गरी पुर्ण रुपमा अभिलेख राख्ने नगरेकोले दोहोरो भुक्तानी हुन सक्ने अवस्थाको नियन्त्रण गर्न भरपर्दो आन्तरिक नियन्त्रण प्रणाली अवलम्बन गरेको पाइएन । तोकिएको ढाँचामा.वि.द्यालयगत निकासा रजिष्ट्रर राख्नु पर्दछ ।

४६ **दिवा खाजाः**

शिक्षा तथा मानब स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं २.७.११.१ को बुँदा (ग) मा विद्यालयले विद्यालय सञ्चालन हुनासाथ दिवा खाजा व्यवस्थापन गर्नुपर्ने भएकोले आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना

प्रणाली IEMIS मा समावेश भएको प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मको विद्यार्थी सङ्ख्यालाई आधार मानेर साविकको कर्णाली अञ्चलका मुगु,डोल्पा,हुम्ला,जुम्ला र कालिकोट जिल्लाका स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु. २० का दरले तथा अन्य स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु.१५ का दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने साथै प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मको विद्यार्थी सङ्ख्याका लागि वार्षिक रुपमा १८० दिनका लागि सोही आधारमा पहिलो त्रैमासिकमा निकासा गर्ने व्यवस्था रहेको छ ।पालिकाले यस आ.व. २०८०/८१ मा १८ विद्यालयका प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मका विद्यार्थीहरुलाई दिवा खाजा वापत रु.१०९१२८९०.० भुक्तानी भएकोमा वार्षिक रुपमा १८० दिनका लागि नै दिवा खाजा भुक्तानी भएकोबारे पालिकासंग तथ्यांक नभएको, विद्यालयले बजारबाट खरिद गरिएको जंक फुड नखुवाएको साथै खाद्यन्नका परिमाण खुल्ने र विलभर्पाई संलग्न नभएको साथै विद्यार्थीले विद्यालयबाट दिवा खाजा खाए वापतको रकम बुझेको भर्पाई संलग्न भएको पाईएकोले कार्यालयले तथ्यांक अद्यावधिक गरी विद्यालयले तोकिएको दिनका लागि मात्र दिवा खाजा खुवाएको सुनिश्चित गर्नुपर्दछ ।

४७ **अनुदानको उपयोगः-**

शिक्षा तथा मानब स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं २.७.१३.१० को बुँदा ५.४ मा विद्यालयले आर्थिक लेखापरीक्षण स्थानीय तहको अन्तिम लेखापरीक्षण हुनु अगावै गराउने र सोको प्रतिवेदन स्थानीय तहमा पठाउने व्यवस्था रहेको छ ।आधारभूत तथा माध्यमिक तह संचालित विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण,विद्यार्थी परिचय पत्र,विद्यालय तथ्याङ्क व्यवस्थापन,बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप संचालनका लागि एकमुष्ठ अनुदान वापत १८ विद्यालयलाई रु. २७५०००.० भुक्तानी भएकोमा अन्तिम लेखापरीक्षणको समयसम्म पनि विद्यालयले आफ्नो लेखापरीक्षण प्रतिवेदन पेश नगरेको हुँदा विद्यालयले प्राप्त गरेको रकम सम्बन्धित कार्यमा खर्च गरे नगरेको तथा खर्चमा मितव्ययिता भएको विश्वस्त हुन सकिएन ।

४८ **समानिकरण अनुदानबाट शिक्षकलाई पारिश्रमिकः**

अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलध गराउने र उक्त रकम तोकिएको शर्त बमोजम खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सशर्त अनुदान अन्तर्गत तलब भत्ता भुक्तानी गर्ने गरी स्वीकृत दरबन्दि भित्र नपरेका नगरपालिका अनुदान कोटातर्फ १८ विद्यालयका ६९ जना शिक्षकलाई रु.३०२१५९८९.० भुक्तानी गरेको पाईयो।पालिकाले समानिकरण अनुदानबाट नीजि श्रोतका शिक्षकलाई प्रदान गरेको तलब भत्ता अनियमित देखिन्छ ।

४९ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः-**

शिक्षा तथा मानब स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं २.७.१३.१३ को बुँदा ९.३ मा स्थानीय तहले शैक्षिक, व्यवस्थापकीय सुधार, शुसासनमा उत्कृष्ट कार्य गरेका उत्कृष्ट विद्यालय छनोट गर्दा कम्तीमा आधारभूततर्फ १०० विद्यार्थी र माध्यमिकतर्फ २०० विद्यार्थी भएका विद्यालयहरूमध्ये सामाजिक परीक्षण मापदण्ड, २०७८ ले तोकेको विधि, प्रक्रिया र पद्धति बमोजिम प्राप्त गरेको समष्टिगत अङ्कलाई आधार मान्ने र उच्चतम अङ्क प्राप्त गर्ने प्रथम र द्वितीय हुने विद्यालयलाई क्रमशः तीनलाख र दुई लाख निकासा गर्ने व्यवस्था छ ।पालिकाले सामाजिक परीक्षण मापदण्ड, २०७८ ले तोकेको विधि, प्रक्रिया र पद्धति बमोजिम प्राप्त गरेको समष्टिगत अङ्कको आधार बेगर श्री नेपाल राष्ट्रिय मा वि ठाकुरद्वारालाई रु.३०००००.०, दुर्गा जनज्योती आ वि,पेरहनीलाई रु.१०००००.० र प्रा वि कालिगडीलाई रु.१०००००.० गरी कुल रु.५०००००.० भुक्तानी गरेको पाइएकोले नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

५० **पाठ्यपुस्तक अनुदानः**

कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८०/८१ क्रियाकलाप नं २.४.६.१ को बुँदा ३.१ मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान वापत पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नँया विद्यार्थी भर्नाको विवरण,पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था रहेको छ ।पालिकाले आ.व. २०८०/८१ मा कक्षा १ देखि १२ सम्म अध्ययनरत ८४३१ विद्यार्थीलाई ७५ प्रतिशत बराबरको रु.४०६५२२५.० र बाँकी २५ प्रतिशतको रु.१२७२०८५.० गरी

कुल रु.५३३७३१०.० भुक्तानि गरेको पाईयो ।पालिकाले नँया शैक्षिक सत्रमा नँया विद्यार्थी भर्नाको विवरण,पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरेर मात्र २५ प्रतिशत पाठ्यपुस्तक अनुदान वितरण गरेको सुनिश्चित गर्नुपर्दछ ।

५१ **सेनिटरी प्याड खरिदः**

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा सेनिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाभित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २८१३ जना रहेका छन। पालिकाले वली ग्रुप अफ ईण्डष्ट्रिज प्रा.लि.बाट ५२६४ थान सेनिटरी प्याड रु.३०००३३.०(भ्याट सहित) मा खरिद गरी १४ विद्यालयलाई पुरै ५२६४ थाननै वितरण गरेको पाईयो । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गरी खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखि वितरण गर्नतर्फ सुनिश्चित हुनुपर्दछ ।

**सेनिटरी प्याड गुणस्तरः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ।कार्यालयले आ.व. २०८०/८१ मा वली ग्रुप अफ ईण्डष्ट्रिज प्रा.लि.बाट ५२६४ थान सेनिटरी प्याड रु.३०००३३.०(भ्याट सहित) मा खरिद गरेकोमा प्याडको गुणस्तरबारे सेनिटरी प्याड(वितरण तथा व्यवस्थापन)कार्याविधि,२०७६ को अनुसूचि १ बमोजिमको भए नभएको परीक्षण गरेको पाइएन ।

प्रमाण पेश नगरेको

५२ **तलबि प्रतिवेदन पारित नभएकोः**

स्वास्थ्य ऐन,२०५३ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ २५ कर्मचारीको रु. २०४९४०२१.२ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

५३ **औषधी खरीदः**

औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका,२०७४ बमोजिम स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली **(Health Management Information System (HMIS)** बाट सङ्कलन भएको रुग्णता **(Morbidity)**, सेवाको उपलब्धता, उपचार तालिका, आपूर्ति व्यवस्थापन सूचना प्रणाली **(LMIS)** बाट सङ्कलन भएको खर्च विवरण, एवं स्वीकृत कार्यक्रमबमोजिम औषधिको आवश्यकता साथै तोकिएको प्राविधिक स्पेसिफिकेशनसँग विश्लेषण गरी सार्वजनिक खरिद नियमावलीको नियम ३, ५क र ९ बमोजिमको प्रक्रिया पुयाई औषधी खरिदको आवश्यकता र लागत अनुमान तयार गरी आपूर्तिकर्ताहरुबीच प्रतिस्पर्धा गराई विश्व स्वास्थ्य सँगठनबाट पूर्वयोग्यता प्राप्त औषधी उत्पादक कम्पनीसंग डव्लु.एच.ओ. र जि.एम.पि. मान्यता प्राप्त भएको प्रमाण लिई मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिका औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका,२०७४ तथा सार्वजनिक खरीद नियम ३, ५(क) र ९ मा भएको व्यवस्था पुरा गरी खरीद गरेको देखिएन ।

कार्यालयले यस वर्ष रु.३७१४३६७.० बराबरको औषधि खरिद गरेको पाईयो जस अनुसार देखिएका व्यहोराहरु निम्नानुसार छन्

५३.१ **कम म्याद भएको औषधिः** औषधि खरिद गर्दा १८ महिनाभन्दा बढीको म्याद रहेको औषधि खरिद गर्नुपर्ने व्यवस्था रहेको छ ।जस अनुसार पालिकाले देहाय बमोजिमका औषधि खरिदमा १८ महिनाभन्दा कम म्याद रहेको औषधि खरिद भएको देखिन्छ । पालिकाले औषधिजस्तो संवेदनशील वस्तुमा १८ महिनाभन्दा कम म्याद भएको औषधि खरिद गरेको रकम नियमित गर्नुपर्ने रु.

| क्र.सं | औषधिको नाम | खरिद मिति | Expiry Date/Batch No | परिमाण | प्रति दर | रकम |
|---|---|---|---|---|---|---|
| 1 | Hyoscine butylbromine tab | October 31 2023 | 2025/Apr TZT90007 | 2000 | 2.45 | 4900.0 |
| 2 | Ibuprufen Tab | | 2025/Mar APT | 10000 | 0.88 | 8800.0 |
| 3 | Metronodazole 200 mg | | 2025 /Mar LAMT90005 | 5000 | 0.70 | 3500.0 |
| 4 | Metronodazole Syrup | | 2025 /Mar 134203 | 500 | 15.50 | 7750.0 |
| 5 | Neomycin Tube | | 2025Mar/639 | 1200 | 15.40 | 18480.0 |
| 6 | Paracetamol 500 mg | | 2025 Apr/BDT2320 | 140000 | 0.85 | 119000.0 |
| 7 | Zinc Sulphate 20 mg Tab | | 2025 Mar/ZTT90005 | 7000 | 0.72 | 5040.0 |
| 8 | Ciprofloxacine Eye Ointment | | 2025 Feb/F336 | 200 | 9.0 | 1800 |
| 9 | Fluxefluotne Cap 20 mg | | 2025 Feb/JB23001 | 1000 | 3.60 | 3600.0 |
| 10 | Amoxicillin 125 mg | April 11,2024 | 2025 Aug/LSMT0101 | 3000 | 1.62 | 4860.0 |
| 11 | Amoxicillin Syrup | | 2025 Aug/FSMD0106 | 300 | 29.0 | 8700.0 |
| 12 | Azithromicin Tab 500 mg | | 2025 Sep/AZT22406 | 15000 | 12.0 | 180000.0 |
| 13 | Calamine Lotion | | 2025 Sep/207060 | 500 | 13.80 | 6900.0 |
| 14 | Ciprofloxacine E/E Drop | | 2025 Aug/ECE192 | 2000 | 15.0 | 45000 |
| १५ | Ibuprufen 400 mg Tab | | 2025 Aug/APT2333 | 50000 | 0.90 | 45000.0 |
| १६ | Metronidazole 200 mg Tab | | 2025 Sep/LAMT01001 | 5000 | 0.78 | 3900.0 |
| **जम्मा** | | | | | | **४६७२३०.०** |

| अनियमित भएको | ४,६७,२३० |
|---|---|

५३.२ **प्रदेश र संघीय सरकारबाट प्राप्त हुने औषधी खरीदः** आधारभुत स्वास्थ्य सेवाका औषधी तथा औषधीजन्य सामाग्रीहरुको खरीद वर्गीकरण बमोजिम पालिका तोकीएको बमोजिम प्रदेश र संघीय सरकारबाट प्राप्त हुने बाहेकका औषधी मात्र खरीद गर्नुपर्ने उल्लेख छ। तर पालिका उक्त वर्गीकरणमा भएका व्यवस्था विपरीत प्रदेश र संघीय सरकारबाट प्राप्त हुने निम्न औषधी खरीद गरेको देखिन्छ। तसर्थ पालिकाले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई कानुनमा भएको व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ।

| क्र.सं | औषधीकोनाम | परिमाण |
|---|---|---|
| १ | Amlodipine 5 mg Tab | 20000 |
| २ | Ciprofloxacin Inj | 100 |
| ३ | Inj Diazepam | 100 |
| ४ | Fluoxetine 20 mg Tab | 1000 |
| ५ | Metformin 500 mg Tab | 10000 |
| ६ | Tab Sodium Valporate 300 mg | 1000 |
| ७ | Risperidone 1 mg Tab | 500 |
| ८ | Risperidone 2 mg Tab | 500 |

५३.३

**औषधीको गुणस्तरः**-सार्वजनिक खरिद नियमावलीको नियम १११(१)(ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ ।कार्यालयले यस वर्ष रु.३७१४३६७.० बराबरको औषधि खरिद गरेको पाईयो ।बार्षिक रुपमा खरिद गर्ने औषधी तथा औषधीजन्य सामग्रीको गुणस्तर सुनिश्चितता गर्न आधिकारिक प्रयोगशाला परीक्षण गर्ने/गराउने तथा सो बमोजिम उक्त औषधी तथा सामग्रीहरुको निरीक्षण गराएको पाइएन ।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार गुणस्तर पक्षको सुनिश्चितता गर्न गुणस्तर परीक्षण गर्नुपर्दछ ।

५४ **न्यानो झोल खरिदः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस वर्ष पालिकाले रु.४९०९८५.० मा ५५० थान न्यानो झोला खरिद भएकोमा ४०० थान वितरण भई २५० थान मौज्दात रहेको पाईयो । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

५५ **कृषि अनुदानः**

पालिकाले आ.व २०८०/८१ मा देहाय बमोजिम कृषि अनुदानका कार्यक्रमहरु-संघीय शसर्त अनुदानतर्फ रु.१७५६६५४.० र पालिका अनुदानतर्फ रु.६९९५१९.० गरी कुल रु.२४५६१७३.० खर्च लेखेको पाईयो । उल्लिखित अनुदान कार्यक्रमहरुमा स्थानीय निकायले अनुदान वितरणका लागि कृषक तथा लाभग्राहीको अद्यावधिक तथ्याङ्क, छनौटको मापदण्ड निर्धारण, लाभग्राहीको प्राथमिकिकरण तथा अनुदान वितरणको स्पष्ट अभिलेखाङ्कन गरेको पाईएन।वास्तविक तथा प्राथमिकता प्राप्त कृषक,कृषक समुह,कृषि सहकारी तथा लाभग्राहीले अनुदान पाएको, एकै व्यक्ति तथा संस्थालले पटक पटक एकै प्रकारको अनुदान नपाएको र अनुदान वितरणमा पारदर्शिता कायम भएको सुनिश्चित हुन सकिएन ।

| **क्र.सं.** | **कार्यक्रम** | **खर्च रकम** | **लाभान्वित कृषक/समुह** |
|---|---|---|---|
| १ | खाद्यान्न बालिको उन्नत बिउ उपयोगमा अनुदान कार्यक्रम(५० % अनुदान) | ८२८६५४.० | ५०० जना कृषक |
| २ | कन्ये च्याउ पकेट विकास कार्यक्रमको निरन्तरता | ५०४०००.० | ६ वटा कलष्टरमा ८४ जना कृषक |
| ३ | मकै पकेट विकास कार्यक्रमको निरन्तरता | ४२४०००.० | ७३ जना कृषक |
| ४ | धानको बिउ उत्पादन/प्रतिफलमा अनुदान | ४९९६६०.० | ३२ जना कृषक |
| ५ | गहुको बिउ उत्पादन अनुदान | ९९८५९.० | २ वटा कृषि सहकारी |
| ६ | मौरीपालन अनुदान(५० % अनुदान) | १०००००.० | - |
| **जम्मा** | | **२४५६१७३.०** | |

पालिकाले अनुदानको उपयोगिता र प्रभावकारिताबारे अनुगमन तथा मुल्याङ्कनतर्फ ध्यान दिनुपर्दछ ।

५६ **लघु उद्यम विकास कार्यक्रमः-**

उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा जारी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ को दफा ५८ मा स्थानीय तहले सूचकहरु निर्धारण गरी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन तथा अनुसुचि ३ बमोजिमको मेड मोडल अनुसार कार्यक्रमको बजेट तथा कार्यक्रम बाँडफाँड गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले आ.व. २०८०/८१ मा ब्युटिपार्लर,सिलाई कटाई र मकै थाकलको हस्तकला तालिममा २४ जनालाई प्रदान गरी रु.४६६१७५.० खर्च गरेको पाईयो यसरी प्रदान गरिएका उद्यमशिलता तालिम पश्चात के कति व्यक्तिहरु लघु उद्यमि भई निजको जिवनस्तरमा प्रत्यक्ष सुधार भए नभएको लगायत लघु उद्यमको विकास र

प्रबर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुगे नपुगेको, सो सम्बन्धमा कार्यालयले निर्देशिकाको व्यवस्था अनुसार उपयुक्त सूचकहरु निर्धारण गरी अनुगमन तथा मूल्याङ्कन सम्बन्धि कार्य नगरेकोले यसतर्फ विशेष ध्यान दिनुपर्दछ ।

५७ **ठे.नं. १७।०७७।०७८**

५७.१ **ठे.नं. १७।०७७।०७८** Giddarpur-Mirchaiya-Manpur-Neulapur Black top Road Construction कार्यको लागि पालिका र निर्माण व्यवसायी जय धनन्जय/कडेल जे.भि. वीच कवोल अंक रु २,५८,५३,७०१।७१ को मिति २०७८।०७।३० मा काम सम्पन्न गर्नेगरी मिति २०७८।०३।२० मा सम्झौता भएको छ । खरिद सम्झौताको अवधि मिति २०८०।०९।१० सम्म थप भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

**क . वढी भुक्तानी :** गो. भौ. ९४।०८०।०९।१९ पाँचौ तथा फाइनल विल वापत रु ५४,५४,९२२।०० भुक्तानी भएको छ । यस निर्माण कार्यको लागी अन्तिम विलसम्म प्राइम कोट वापत १९,६२६।२३ वर्ग मी. को प्रति वर्ग मी. रु १०० का दरले रु १९,६२,६२३।००, टेक कोट वापत १३,२५८।९३ वर्ग मी. को प्रति वर्ग मी. को रु १०० का दरले रु १३,२५,८९३।०० भुक्तानी भएको छ । स्ट्यान्डर्ड स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७३ (संशोधन २०७५ समेत) को बुँदा न. १३०२ मा कालोपत्रे सडकमा प्रयोग हुने बिटुमिनको ट्याक कोटको स्प्रे दर ०.४ देखि ०.६ लिटर प्रति वर्गमिटर, प्राइम कोटको ०.७ देखि ०.९ लिटर प्रति वर्गमिटर हुने व्यवस्था भएकोमा तोकिएभन्दा वढी प्राइम कोट वापत प्रति वर्ग मी. १ ली., टेक कोट वापत प्रति वर्ग मी. ०.७ ली. भुक्तानी दिएको छ । निम्नानुसार वढी भुक्तानी भएको रकम सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनुपर्दछ रु..

| विवरण | हालसम्म हुनुपर्ने कुल भुक्तानी परिमाण | भएको कुल भुक्तानी परिमाण | वढी भुक्तानी | भुक्तानी दर | वढी भुक्तानी |
|---|---|---|---|---|---|
| प्राइम कोट | १७६६३.६० व.मी. | १९६२६.२३ व.मी. | १९६२.६२ व.मी. | १०० | १,९६,२६२ |
| टेक कोट | ११३६४.७९८ व.मी. | १३२५८.९३ व.मी. | १८९४.१३२ व.मी. | १०० | १,८९,४१३ |
| गत वर्षको वेरुजु | | | | | (१,४२,७९१.४) |
| वढी भुक्तानी | | | | | २,४२,८८३।६० |
| मू.अ.कर थप | | | | | ३१,५७४।८६ |
| कुल भुक्तानी | | | | | २,७४,४५८।४६ |

| असुल गर्नुपर्ने | २,७४,४५८ |
|---|---|

५७.२ **ख . थप आर्थिक व्ययभार :** स्ट्यान्डर्ड स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७३ (संशोधन २०७५ समेत) को बुँदा न. १३०२ अनुसार कालोपत्रे सडकमा प्रयोग हुने प्रिमिक्स कार्पेटिङ २० एमएम उचाइसम्मको गर्ने गरी तोकेकोमा सो भन्दा बढी ३५ एम.एम.उचाई राखी पालिकाले भुक्तानी दिएको छ । प्रिमिक्स कार्पेट वापत ६६२.०९ घ.मी. को प्रति घ.मी. रु ११,०००।०० का दरले रु ७२,८२,९९०।०० भुक्तानी भएको छ । प्रिमिक्स कार्पेट वापत लागत अनुमान तयार गर्दा २० एमएम को प्रयोग गर्ने नर्म्स अनुसार तयार गरेकोमा ३५ एमएम प्रिमिक्स कार्पेट गरेको छ, जसले गर्दा लागत अनुमान अनुसार ३७८.८३ घ.मी. हुनुपर्नेमा ६६२.०९ घ.मी. भुक्तानी भएको छ । प्रिमिक्स कार्पेटको काम २८३.२६ घ.मी. लागत अनुमानभन्दा वढी भएको देखिन्छ । लागत अनुमान तयार गर्दा २० एमएम को प्रयोग गर्ने नर्म्स अनुसार तयार गरेकोमा ३५ एमएम प्रिमिक्स कार्पेट गर्दा पालिकालाई रु ३१,१५,८६०।०० थप आर्थिक व्ययभार परेको छ रु......

| अनियमित भएको | ३१,१५,८६० |
|---|---|

५७.३ **ग . त्रुटि सच्चयाउने अवधिभित्रको मर्मत :** पालिकाले च.नं. २५२५ मिति २०८०।१२।१८ को पत्रवाट गिदरपुर शाहको घरदेखि जुडपानी चोकसम्म बाटोको माथिल्लो तह (Wearing Coat) उक्किएको समस्या आएकोले सम्झौता अनुसार सम्झौताको वुँदा नं.

जिसीसी ४२ (३६५ दिनसम्म निर्माण सुधार तथा मर्मत गर्ने जिम्मा निर्माण कम्पनीको हुने) अनुसार प्रविधिकको रोहवरमा १५ दिनभित्र निर्माण सुधार गरि लिखित रुपमा जानकारी गराउन अन्यथा प्रचलित कानुन वमोजिम हुने उल्लेख भएकोमा लेखापरीक्षण अवधिसम्म पनि मर्मत नभएको पालिकाले जानकारी दिएको छ । सार्वजनिक खरिद नियमावली , २०६४ को नियम १२४(४) को प्रतिवन्धात्मक वाक्यांशको त्रुटि सच्चयाउने अवधिभित्र सम्बन्धित निर्माण व्यवसायीले त्रुटी नसच्याएमा सार्वजनिक निकायले रिटेन्सन मनी वा जमानत वापतको रकम प्रयोग गरी त्रुटि सच्याउन सक्ने व्यवस्था अनुसार त्रुटि सच्याउनु पर्दछ ।

५८ **ठे.नं. २५।०७७।०७८**

५८.१ ठे.नं. २५।०७७।०७८ मोतिपुर-वकुवा कालोपत्रे सडक निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी खड्का/भट्टराइ जे.भी. वीच कवोल अंक रु १,३९,८०,१७९।३७ को मिति २०७९।०१।१४ मा काम सम्पन्न गर्नेगरी मिति २०७८।०७।१५ मा सम्झौता भएको छ ।खरिद सम्झौताको अवधि २०८१।०१।३० सम्म थप भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ ।

**क . वढी भुक्तानी :** गो.भौ. २१९।०८१।०१।२४ स्ट्यान्डर्ड स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७३ (संशोधन २०७५ समेत) को बुँदा न. १३०२ मा कालोपत्रे सडकमा प्रयोग हुने बिटुमिनको ट्याक कोटको स्प्रे दर ०.४ देखि ०.६ लिटर प्रति वर्गमिटर हुनुपर्ने व्यवस्था छ । छैठौ रनिङ्ग विल वापत रु २९,९०,८८६।०० भुक्तानी भएको छ । यस निर्माण कार्यको लागी छैटौ विलसम्म टेक कोट वापत ४३५३.५१ वर्ग मी. को प्रति वर्ग मी. को रु ८० का दरले रु ३,४८,२८०।८० भुक्तानी भएको छ । प्रति व.मी. ०.६ ली. ले कुल परिमाण ३७३१.५८ घ.मी. भुक्तानी हुनुपर्नेमा वढी परिमाण ६२१.९३ वर्ग मी. भुक्तानी भएको छ । वढि भुक्तानी भएको ६२१.९३ वर्ग मी. को रु ८० प्रति व.मी. का दरले रु ५६,२२२।४७(मू.अ.कर थप समेत) सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनुपर्दछ रु..

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५६,२२२ |

५८.२ **ख . थप आर्थिक व्ययभार :** स्ट्यान्डर्ड स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७३ (संशोधन २०७५ समेत) को बुँदा न. १३०२ अनुसार कालोपत्रे सडकमा प्रयोग हुने प्रिमिक्स कार्पेटिङ २० एमएम उचाइसम्मको गर्ने गरी तोकेकोमा सो भन्दा बढी ३५ एम.एम.उचाई राखी पालिकाले भुक्तानी दिएको छ । प्रिमिक्स कार्पेट वापत २१७.६८ घ.मी. को प्रति घ.मी. रु १२,०००।०० का दरले रु २६,१२,१०६।०० भुक्तानी भएको छ । प्रिमिक्स कार्पेट वापत लागत अनुमान तयार गर्दा २० एमएम को प्रयोग गर्ने नर्म्स अनुसार तयार गरेकोमा ३५ एमएम प्रिमिक्स कार्पेट गरेको छ, जसले गर्दा लागत अनुमान अनुसार १२४.३८ घ.मी. हुनुपर्नेमा २१७.६८ घ.मी. भुक्तानी भएको छ । प्रिमिक्स कार्पेटको काम ९३.२९ घ.मी. लागत अनुमानभन्दा वढी भएको देखिन्छ । लागत अनुमान तयार गर्दा २० एमएम को प्रयोग गर्ने नर्म्स अनुसार तयार गरेकोमा ३५ एमएम प्रिमिक्स कार्पेट गर्दा पालिकालाई रु ११,१९,४८०।०० थप आर्थिक व्ययभार परेको छ रु......

| | |
|---|---|
| अनियमित भएको | ११,१९,४८० |

५९ **ठे.नं. ५।०७८।७९**

**पूर्वनिर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा पूर्वनिर्धारित क्षतिपूर्ति सम्वन्धि व्यवस्था रहेको छ । ठे.नं. ५।०७८।७९ Trivuwan School Building Construction of Second Storey निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी तुलसी इन्जिनियरिङ्ग कन्स्ट्रक्सन वीच कवोल अंक रु ७४,३३,६५७।७४ को मिति २०७८।१२।१२ मा काम सम्पन्न गर्नेगरी मिति २०७८।०७।२९ मा सम्झौता भएको छ । खरिद सम्झौताको अविधि मिति २०८०।०४।२२ गते बसेको नगर कार्यपालिकाको बैठकले अन्तिम पटककोलागि जरिवाना सहितको समय थप गर्ने निर्णय गरी मिति २०८०।०९।३० सम्म म्याद थप भएको छ । यस निर्माण कार्यको लागि हालसम्म रु ५३,७७,८७१।१० भुक्तानी भएकोमा आ.व. २०८०।८१ मा रु ३,००,४९३।३७ हर्जना कट्टी गरी रु १७,३१,१०३।१८ भुक्तानी भएको छ । पालिकावाट मिति २०८१।०१।१४ गते ठेक्का सम्झौता रद्द गरी कारवाहीको प्रक्रिया अगाडि बढाउने निर्णय भएको छ । लेखापरीक्षण अवधिसम्म कार्यसम्पन्न भएको छैन भने ठेक्का तोडने प्रक्रिया अघि वढाएको समेत

देखिएन । पालिकाको निर्णय अनुसार १०% ले हुने हर्जना रु ६,५७,८४५।८१ मा कट्टी भएको हर्जना रु ३,००,४९३।३७ घटाई वाँकी रु ३,५७,३५२।४५ पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी वाँकी कार्य सम्वन्धित निर्माण व्यवसायीवाट सम्पन्न गर्नुपर्ने रु.........

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,५७,३५२ |

६० **ठे.नं.१२।२०७८।७९**

**पूर्वनिर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा पूर्वनिर्धारित क्षतिपूर्ति सम्वन्धि व्यवस्था रहेको छ । ठे.नं.१२।२०७८।७९ रामदाश मार्ग कालोपत्रे निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी तुलसी इन्जिनियरिङ्ग कन्स्ट्रक्सन वीच कवोल अंक रु १५,२८,७२३।०२ को मिति २०७९।०१।१४ मा काम सम्पन्न गर्ने गरी मिति २०७८।०८।२१ मा सम्झौता भएको छ । खरिद सम्झौताको अविधि मिति २०७९।०५।०७ गते बसेको नगर कार्यपालिकाको बैठकले अन्तिम पटककोलागि जरिवाना सहितको समय थप गर्ने निर्णय गरी मिति २०७९।१२।३० सम्म म्याद थप भएको छ । यस निर्माण कार्यकोलागि आ.व. २०७८।७९ मा रु ५,८०,२०९।९५ भुक्तानी भएकोमा त्यसपछी कुनै भुक्तानी भएको छैन । पालिकावाट मिति २०८१।०१।१४ गते ठेक्का सम्झौता रद्द गरी कारवाहीको प्रक्रिया अगाडि बढाउने निर्णय भएको छ । लेखापरीक्षण अवधिसम्म कार्यसम्पन्न भएको छैन भने ठेक्का तोडने प्रक्रिया अघि वढाएको समेत देखिएन । खरिद सम्झौता रकम रु १३,५२,८५२।२३(मू.अ.कर वाहेक) को १०% ले हुने पूर्वनिर्धारित क्षतिपूर्ति रु १,३५,२८५।२२ असुल गरी सम्वन्धित वाँकी कार्य सम्वन्धित निर्माण व्यवसायीवाट सम्पन्न गर्नुपर्ने रु.........

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३५,२८५ |

६१ **ठे.नं. ०५।०७९।८०**

६१.१ ठे.नं. ०५।०७९।८० जगदम्बा मा.वि. भवन निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी स्वर्गद्धारी निर्माण सेवा वीच कवोल अंक रु १,३१,९८,८४७।०० को मिति २०८०।०२।३० मा काम सम्पन्न गर्नेगरी मिति २०७९।१०।०३ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ ।

**क . वढी भुक्तानी :** गो.भौ. ७८।०८०।०८।२७ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । छैटौ तथा अन्तिम विल वापत रु १,५९,९७७।०० भुक्तानी भएको छ । एज विल्ट नक्सा अनुसार पर्खाल लगाउने कार्य (Brick Masonry Wall) को कुल उचाई २.८९५ मी. रहेको छ । विमको (स्ल्याव समेत) को उचाई ०.४२५ मी. घटाई २.४७ मी. उचाईको भुक्तानी दिनुपर्नेमा २.५२ मी. उचाईको भुक्तानी भएकोले ०.०५ मी. उचाईको वढी भुक्तानी भएको छ । ग्राउण्ड फ्लोर, पहिलो तला, र दोश्रो तलाको Grid A/A 22.6*0.23*0.05=0.2599; Grid B/B 22.6*0.23*0.05=0.2599; Grid1-1,2-2,3-3,4-4,5-5,6-6: 6*6.8*0.23*0.05 = 0.4692 गरी एक फ्लोरको कुल ०.९८९ घ.मी. र तीन फ्लोरको २.९६७ घ.मी. को प्रति घ.मी. रु १०,०००।०० का दरले रु २९,६७०।०० वढी भुक्तानी भएको छ । वढी भुक्तानी भएको रकम मू.अ.कर थप समेत रु ३३,५२७।१० सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनुपर्दछ रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,५२७ |

६१.२ **ख . त्रुटि सच्चयाउने अवधिभित्रको मर्मत :** पालिकाको च.नं. २९४ मिति २०८१।०४।२८ को पत्रवाट पालिकावाट निर्माण व्यवसायीलाई सम्पन्न भएको भवनको छतमा गरिएको (Screeding with Punning) को काम १ बर्ष नपुग्दै उकिएकोले सम्झौताको बुँदा नम्बर जिसीसी ४२(३६५ दिनसम्म निर्माण सुधार तथा मर्मत गर्ने) अनुसार वडा कार्यालयको प्रतिनिधि, र यस योजनाका प्राविधिकको रोहवरमा १५ दिनभित्र निर्माण सुधार गरी लिखित रुपमा जानकारी गराउन भनी जानकारी गराइएको तर निर्माण कम्पनीले उक्त पत्रको बेवास्ता गरी मर्मत नगरिदिएको अवस्था छ । पहिलो पटक मिति २०८१।०२।२३ मा सोही व्यहोराको पत्र पालिकाले निर्माण व्यवसायीलाई लेखेकोमा हालसम्म पनि मर्मत कार्य भएको छैन ।सार्वजनिक खरिद नियमावली , २०६४ को नियम १२४(४) को प्रतिवन्धात्मक वाक्यांशको त्रुटि सच्चयाउने अवधिभित्र सम्बन्धित निर्माण व्यवसायीले त्रुटी नसच्याएमा सार्वजनिक निकायले रिटेन्सन मनी वा जमानत वापतको रकम प्रयोग गरी त्रुटि सच्याउन सक्ने व्यवस्था अनुसार त्रुटि सच्याउनु पर्दछ ।

६२ **निर्माण कार्यको हर्जना**

**पूर्वनिर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा पूर्वनिर्धारित क्षतिपूर्ति सम्वन्धि व्यवस्था रहेको छ । यस पालिकावाट सञ्चालिन निम्नानुसार योजनाहरुको नगर कार्यपालिकाको मिति २०८१।०३।२३ को २३४ औं बैठकवाट २०८१।०७।३० सम्म जरिवाना सहित म्याद थप गर्ने निर्माण गरेको छ । अत: शुरु सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने अन्तिम दिनवाट २०८१।०३।३१ सम्मको प्रतिदिन ०.०५% का दरले पूर्वनिर्धारित क्षतिपूर्ति असुल हुनुपर्दछ रु.....

| ठे.नं. | निर्माण व्यवसायी | सम्झौता रकम (मू.अ.कर वाहेक) | सम्झौता मिति | शुरु सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने मिति | हर्जना लाग्ने दिन | प्रतिदिन हर्जना दर | हर्जना रकम |
|---|---|---|---|---|---|---|---|
| ०७।०८०।८१ | घट्टघर एन.आर.पी. कन्स्ट्रक्सन प्रा. लि. | ६०,२४,८५६।२६ | २०८०।०९।११ | २०८१।०१।३० | ६३ | ३०१२ | १,८९,७५६ |
| ०९।०८०।८१ | गणेशवावा कन्स्ट्रक्सन | ६४,७४,६३५।५० | २०८०।१०।०४ | २०८१।०२।३० | ३३ | ३२३७ | १,०६,८२१ |
| १०।०८०।८१ | गणेशवावा कन्स्ट्रक्सन | ४२,९४,०५२।३२ | २०८०।१०।०४ | २०८१।०२।३० | ३३ | २१४७ | ७०,८५१ |
| १७।०८०।८१ | ठाकुरवावा निर्माण सेवा | ७९,८४,६७८।३९ | २०८०।११।२२ | २०८१।०३।१० | २१ | ३९९२ | ८३,८३२ |
| १८।०८०।८१ | अमर कन्स्ट्रक्सन | ६४,४०,०७३।१२ | २०८०।११।१५ | २०८१।०२।३० | ३३ | ३२२० | १,०६,२६० |
| २०।०८०।८१ | स्मार्ट पावर प्रा. लि. | १५,००,५०१।३९ | २०८०।१२।३० | २०८१।०२।३० | ३३ | ७५० | २४,७५० |
| २१।०८०।८१ | लक्ष्मी निर्माण सेवा | ६७,१७,०६८।०० | २०८०।१२।२८ | २०८१।०३।१५ | १६ | ३३५८ | ५३,७२८ |
| २४।०८०।८१ | जय ठाकुरवावा निर्माण सेवा | १६,८४,९५२।८३ | २०८०।१२।२० | २०८१।०३।१५ | १६ | ८४२ | १३,४७२ |
| ३१।०८०।८१ | आर.वि.कन्स्ट्रक्सन | २४,९५,१३१।३३ | २०८१।०१।१८ | २०८१।०३।१५ | १६ | १२४७ | १९,९५२ |
| ३३।०८०।८१ | अमर कन्स्ट्रक्सन | २५,९२,०७६।२६ | २०८१।०१।३१ | २०८१।०३।१५ | १६ | १२९६ | २०,७३६ |
| ३८।०८०।८१ | लक्ष्मी निर्माण सेवा | ३२,६७,६९२।३२ | २०८१।०२।१४ | २०८१।०३।१५ | १६ | १६३३ | २६,१२८ |
| ४।०८०।८१ | ओम निर्माण सेवा | १२०६१५३२।७० | २०७०।०८।११ | २०८१।०१।३० | ६३ | ६०३० | ३,७९,८९० |
| ११।०८०।८१ | नन्दादेवी-आरम्भ -के.डी. जे.भि. | १,०५,९४,८०५ | २०८०।१०।०४ | २०८१।०२।३० | ३३ | ५२९७ | १,७४,८०१ |
| १२।०८०।८१ | रोयल-लक्ष्मीपूजा-ओम नामा जे.भी. | २,१३,३०,४४९ | २०८०।१२।२० | २०८१।०३।२५ | ६ | १०६६५ | ६३,९९० |
| १६।०८०।८१ | गणपति कन्स्ट्रक्सन | १,०८,७९,४२७ | २०८०।११।२४ | २०८१।०२।३० | ३३ | ५४३९ | १,७९,४८७ |
| | | | | | | जम्मा | १५,१४,४५१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,१४,४५४ |

६३ **उपभोक्ता समितिः**

६३.१ **उपभोक्ता समिति/टोल विकास समिति दर्ताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ।पालिकाले यो वर्ष उपभोक्ता समिति,टोल विकास समिति,मन्दिर व्यवस्थापन समिति लगायत विभिन्न ५४ वटा समितिहरुसँग सम्झौता गरी रु.१०३७८५१५.० खर्च भएको पाईयो । उक्त समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत

सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ।

६३.२ **उपभोक्ता समितिको अभिलेखः** उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ मा कार्यालयले आयोजना संचालन एवंम कार्यान्वियनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्ने उल्लेख छ। पालिकाले आयोजना संचालन एवंम कार्यान्वियनमा संलग्न उपभोक्ता समितिको अभिलेख राखेको छैन। जसकारण एउटै व्यक्ति, एकै परिवारका व्यक्ति एकभन्दा बढि आयोजनामा संलग्न भएको तथा कुन कुन उपभोक्ता समितिले तोकिएको समयमा कार्यसम्पन्न गरेको र कुन कुन उपभोक्ता समितिले समयमा कार्यसम्पन्न नगरेको यकिन हुन सक्ने देखिएन।

६३.३ **उपभोक्ता समिति/टोल विकास समिति छनौटः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा लाभग्राही समुदायबाट गराउन सक्ने र कामको लागि र सेवाको प्रकृति, परिमाण, लाग्ने आर्थिक स्रोत लाभग्राही समुदायको व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ। तर पालिकाले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता बाहेक पूर्वका सो प्रकृया पालना गरेको देखिएन।यसबाट विकास निर्माण कार्यमा उपभोक्ता छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन। निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा लाभग्राही समुह छनौट गर्दा नियमको पालना गरी पारदर्शी र अधिक सहभागितात्मक तवरले गरिनु पर्दछ।

६३.४ **मर्मत सम्भार कोषः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक् ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ। तर सम्पन्न आयोजना मर्मत सम्भारका लागि कुनै उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन। अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ।

६३.५ **जटिलसंरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति/टोल विकास समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो ।यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ३२८।२०८१।०३।१६ | सैनवार टोल विकास संस्था | सैनवार धरम भकारीको जगगामा सामुदायिक भवन निर्माण | ४९१३७७.६९ |
| ३४५।२०८१।०३।१९ | शिव कृष्ण मन्दिर व्यवस्थापन समिति | शिव कृष्ण सनातन मन्दिर परिसरभित्र भवन निर्माण | २९८१६६.८४ |
| **जम्मा** | | | **७८९५४४.५३** |

पालिकाले नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

६३.६ **उपभोक्ता समितिबाट निर्माण गरीएका निर्माण कार्यको एजविल्ट नक्साः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। यस वर्ष उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन तथा सम्झौताको शर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन। सम्पन्न योजनाको एजविल्ट नक्सा तयार नगरेकोले नियममा भएको व्यवस्था अनुसार कार्य हुनुपर्दछ।

६३.७ **योजना हस्तान्तरणः** सार्वजनिक खरिद नियमावलीको नियम (१२) उपनियम (११) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समिति/टोल विकास समिति मार्फत हालसम्म गरिएको कुनै आयोजनाको स्वामित्व सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन। जुन चाहि दिगो विकास तथा जनसहभागिताको मर्म विपरीत हुनुको साथै निर्मित आयोजनाको रेखदेख तथा मर्मतमा अन्यौलता सिर्जना गरेको देखिन्छ। तसर्थ, कार्यालयले सम्झौताको समयमा नै उक्त कानुनी व्यवस्थाको बारे उपभोक्तासंग अन्तरक्रिया गरी वास्तविक लाभग्राहीलाई मात्र आयोजना संचालन गर्न दिनुपर्दछ। जसबाट उपभोक्ताबाट हुने कार्यमा निर्माण व्यवसायीको संलग्नता कम हुन जान्छ।

## ६४ पेश्की व्यवस्थापन

६४.१ **पेश्की भुक्तानी :** गो.भौ. ३७।०८०।१२।२७ ठे.नं. ११।०८०।८१ Ward Office To Karmala Black Top Road Upgrading कार्यको लागि पालिका र निर्माण व्यवसायी नन्दादेवी-आरम्भ-के.डी. जे.भि. वीच कवोल अंक रु १,२१,०५,१२९।७६ को मिति २०८१।०२।३० मा काम सम्पन्न गर्नेगरी मिति २०८०।१०।०४ मा सम्झौता भएको छ । दोश्रो किस्ता मोविलाइजेशन पेश्की वापत रु १०,५०,०००।०० भुक्तानी भएको छ । खरिद सम्झौताको विशेष शर्तको GCC 57.1 मा The Advance Payments shall be 20% and shall be paid in two equal installments and to the Contractor. 10% After Supply of Material To which costs is equivalent to Mobilisation and 10% upon site execution and work should be cost upto 20% of total cost को व्यवस्था रहेको छ । खरिद सम्झौताको शर्त अनुसार १०% वरावरको सामग्री आपूर्ति पश्चात १०% मोविलाइजेशन पेश्की र २०% मूल्य वरावरको काम भएपछी दोश्रो किस्ता मोविलाइजेशन पेश्की भुक्तानी गर्ने व्यवस्था विपरीत कामको मूल्याङ्कन नगरी मोविलाइजेशन पेश्की भुक्तानी दिएको सम्झौता विपरित देखिन्छ । खरिद सम्झौताको परिपालना गरी पेश्की भुक्तानी हुनुपर्दछ ।

६४.२ **अग्रिम बैंक जमानत जफत :** ठे.नं. १२।०८०।८१ Thakurdwara Hattisar Black Top Road Construction कार्यको लागि पालिका र निर्माण व्यवसायी रोयल-लक्ष्मीपूजा-ओम नामा जे.भी. वीच कवोल अंक रु २,४१,०३,४०८।०१ को मिति २०८१।०३।२५ मा काम सम्पन्न गर्नेगरी मिति २०८०।१२।२० मा सम्झौता भएको छ । मोविलाइजेशन पेश्की वापत रु ४१,००,०००।०० भुक्तानी भएको छ । Special Condition of Contract को GCC 2.2 अनुसार ५०% काम मिति २०८१।०१।३० सम्म सक्नुपर्ने व्यवस्था रहेको छ । नगर कार्यपालिकाको मिति २०८१।०३।२३ को २३४ औं बैठकवाट २०८१।०७।३० सम्म जरिवाना सहित म्याद थप गर्ने निर्माण गरेको छ । पालिकाको च.नं. ३९६१।२०८१।०३।१२ को पत्रवाट सिद्धार्थ बैंक शाखा कार्यालय घोराही दाङ्ग लाई Special Condition of Contract को GCC 2.2 अनुसार ५०% काम मिति २०८१।०१।३० सम्म सक्नुपर्नेमा मिति २०८१।०३।१२ गते (९०%) विति सक्दा पनि साईटमा हाल सम्म जम्म २०% काम गरेको र सन्तोषजनक प्रगति नभएको कारण त्यहाँ बैंकवाट रोयल-लक्ष्मी-ओम-नम जे.भी. घोराही-१६, दाङ्गको नाममा जारी गरिएको अग्रिम पेश्की जमानत रकम यस नगरपालिकाको खातामा जम्मा गरिदिने व्यहोराको पत्र बैंकमा ३० जुन २०२४ मा दर्ता भएकोमा लेखापरीक्षण अवधिसम्मपनि पेश्की वापतको रकम बैंकले नगरपालिकाको खातामा दाखिला गरेको छैन । पालिकाले माग गरेको समयमा पेश्की जमानतको रकम दाखिला नगरेकोले नियमनकारी निकाय नेपाल राष्ट्र बैंकमा सम्वन्धित बैंकलाई कार्यवाहीको लागि लेखि पठाई अविलम्व पेश्की वैंक जमानत जफत हुनुपर्दछ रु.....

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,००,००० |

## ६५ राजश्व दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यलयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने साथै सोही ऐनको दफा ३८ अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला भए दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने सो भन्दा बढी ढिला गरेको भए दश प्रतिशतले जरिवाना गरी दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । पालिका भित्रका ९ वडाहरुमध्ये नमुना छनौट गरी निम्नानुसारका वडाहरुको राजस्व असुली परीक्षण गर्दा तोकेको समय भन्दा ढिलो गरी बैंक दाखिला गरेको पाइयो । नगरपालिकाबाट प्राप्त विवरण अनुसार देहायका केही वडा कार्यालयहरुले संकलन गरेको आन्तरिक राजश्व रकम महिना समाप्त भए पछिमात्र ढिला गरी दाखिला गरेकोले पालिकाले सोको यकिन गरी जरिवाना सहित दाखिला गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| वडा नं. | संकलन गरेको मिति | बैंक जम्मा गरेको मिति | संकलित रकम |
|---|---|---|---|
| नगरपालिका | ०८०।४।१ देखि २०८०।४।२६ | २०८०।४।२६ | ५९३९७४ |
| | २०८० भाद्र | २०८०।६।२१ | ११८७१० |
| १ | ०८०।४।१ देखि २०८०।४।२६ | २०८०।४।२६ | ३८०६४५ |
| २ | ०८०।४।१ देखि २०८०।४।३० | २०८०।५।३ | २४०३५० |
| | २०८० भाद्र | २०८०।६।२९ | १४२३९७ |
| ३ | ०८०।४।१ देखि २०८०।४।२६ | २०८०।४।२६ | ४०६६३० |
| ४ | ०८०।४।१ देखि २०८०।४।२६ | २०८०।४।२६ | १८२८८३ |
| ५ | ०८०।४।१ देखि २०८०।४।२५ | २०८०।४।२५ | १३०८३७ |
| ६ | ०८०।४।१ देखि २०८०।४।३२ | २०८०।४।३२ | २०००५४ |
| ७ | ०८०।४।१ देखि २०८०।४।२५ | २०८०।४।२५ | ९८९०६ |
| ८ | ०८०।४।१ देखि २०८०।४।३२ | २०८०।४।३२ | ८४८३१ |
| ९ | ०८०।४।१ देखि २०८०।४।२९ | २०८०।४।२९ | ५६४९५२ |
| | २०८० माघ | २०८०।११।९ | ३२९०२५ |

## ६६ आन्तरिक आय

६६.१ बहाल विटौरी करः ठाकुरबाबा नगरपालिकाको आर्थिक ऐन,२०८० को अनुसूचि ४ मा पालिकाले पालिका भित्र रहेका हाटबजारहरुबाट शुल्क असुल गर्ने व्यवस्था छ । यस बर्ष रु.९१३८९७।०१ बहाल विटौरी वापत संकलन गरेकोमा उक्त रकम वडा नं.१,२,३,५,६ र ९ बाट असुल गर्ने गरी ४३ ठेली वडा सचिवहरुलाई बुझाएकोमा ३ नम्बर वडाको बाहेक अन्य वडाबाट लेखापरीक्षण अवधि सम्म पनि नगदि रसिदको दैनिकी र बैंक जम्मा अभिलेख उपलव्ध नभएकोले यकिन हुन सकेन । अन्य तहाँ कार्यालयाबट यकिन गर्नुपर्ने ।

६६.२ आयमा मूल्य अभिवृद्धि कर- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा दर्ता नभएको स्थानीय तहले मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल उपर गर्नु पर्ने व्यवस्था छ। पालिकाले अनुसूची खण्डमा समावेश विवरण अनुसार प्राकृतिक पदार्थको अमानतबाट संकलन गर्दा मूल्य अभिबृद्धि कर समेत रु. ८३४२७७१। असुल गरी स्थानीय विभाज्य कोषमा दाखिला गरेकोले सो को मूल्य अभिवृद्धि कर रु.९५९७८८। सङ्घीय सञ्चित कोष दाखिला गर्नु पर्ने रु.

| प्रमाण पेश नगरेको | ९,५९,७८८ |
|---|---|

६६.३ दहत्तर बहत्तरबाट प्राप्त आयः लुम्बिनी प्रदेश आर्थिक ऐन, २०८० को दफा ८ मा प्राकृतिक स्रोतको संकलन तथा विक्रि शुल्क अनुसूची ६ मा तोकिएको दरमा नघटने गरी शुल्क लगाईने र असूल गरिने तथा दफा ८(४) अनुसार स्थानीय तह र प्रदेशबीच बाँडफाँड गरी ६० प्रतिशत सम्बन्धित स्थानीय तह र ४० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष नदीजन्य प्राकृतिक श्रोतको उत्खनन रोयल्टीबाट रु.८३४२७७१। राजस्व संकलन गरेको तथा स्थानीय विभाज्य कोषमा रु.२६८३६८५७। रहेकोमा कानुन अनुसार बाँडफाँड गर्नुपर्दछ ।

६६.४ प्राकृतिक श्रोत उत्खनन कार्ययोजनाः ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ मा गाउँपालिका वा नगरपालिकाले नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री गर्दा उत्खनन् र सङ्कलन सम्बन्धी कार्ययोजना तयार गरी गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत गर्नु पर्ने, प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी अधिकार प्राप्त निकायबाट स्वीकृत गर्ने, गराउने, प्रत्येक वर्ष ठेक्का वन्दोवस्त गर्नुपूर्व स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परीमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अध्यावधिक गरी पुनः यकीन गर्ने, गाउँसभा वा नगरसभाद्वारा स्वीकृत दरमा उत्खनन्, सङ्कलनको अनुमती र बिक्रीको लागि ठेक्का व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष नदीजन्य पदार्थ उत्खनन सम्बन्धी कार्ययोजना तयार गरेको पाइएन । समयमा नै कार्ययोजना तयार गरी वातावरणीय अध्ययन प्रतिवेदन अनुसारको परिमाणमा नदीजन्य पदार्थको उत्खनन, घाटगद्दी र निकासी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

६६.५ भारी यान्त्रिक उपकरण प्रयोगः स्वीकृत IEE प्रतिवेदनको सुझाव नं. ३ मा संकलन तथा उत्खनन् कार्य सम्पन्न भए पश्चात उत्खनन् आदेश बमोजिमको परिमाण भन्दा बढी वा घटी भयो भनेर तुलना गर्न मिल्ने Post Measurement अभिलेख राख्नुपर्ने तथा सुझाव नं. ४ अनुसार उत्खनन् संकलनका क्रममा भारी यान्त्रिक उपकरण प्रयोग गर्न नहुने उल्लेख छ । पालिकाले Post Measurement अभिलेख राखेको तथा भारी यान्त्रिक उपकरण प्रयोगलाई पूर्णतया निषेध गरेको पाइएन । यसबाट वातावरणीय पक्षमा समेत असर पर्नेहुदाँ कार्यलयले त्यसतर्फ ध्यान दिनुपर्दछ ।

अनुगमन तथा निरीक्षण प्रतिवेदनः लुम्बिनी प्रदेश नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ अनुसार जिल्ला अनुगमन तथा व्यवस्थापन समितिको रोहवरमा घाटगद्दीस्थलको वर्षमा ३ पटक निरीक्षण अनुगमन गर्ने र प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेकोमा समितिको अनुगमन तथा निरीक्षण प्रतिवेदन प्राप्त हुनसकेन । कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन पेश हुनुपर्दछ।

## ६७ आन्तरिक आय

६७.१ **निजि विद्यालय नविकरण शुल्क-** पालिकाको आर्थिक ऐन २०८० मा आफनो क्षेत्र भित्र सञ्चालित संस्थागत विद्यालयहरुको बार्षिक नविकरण शुल्क कक्षा सञ्चालनका आधारमा सङ्कलन गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले अनुसूची ४ खण्डमा समावेश विवरण अनुसारका तपसिलका कक्षा सञ्चालन भएकोमा शुल्क संकलन गरेको देखिएन । आर्थिक ऐन अनुसार विद्यालयबाट रु.६१५००। शुल्क असुल गर्नुपर्ने रु.

| कक्षा सञ्चालन | विद्यालय संख्या | दर | रकम |
|---|---|---|---|
| १ देखि ५ | २ | ३००० | ६००० |
| १ देखि ८ | ३ | ४५०० | १३५०० |
| ९ देखि १० | ७ | ६००० | ४२००० |
| जम्मा | | | ६१५०० |

| असुल गर्नुपर्ने | ६१,५०० |
|---|---|

६७.२ शैक्षिक सुधार शुल्कः ३८८६२३६। ठाकुरबाबा नगरपालिकाको आर्थिक ऐन,२०८० को अनुसूचि ४ मा पालिकाले शैक्षिक सुधार शुल्क १ प्रतिशत उठाउने व्यवस्था गरेको छ । पालिकाले यस बर्ष जग्गा खरिद कर्ताबाट कुल मूल्याङ्कनको १ प्रतिशतले शैक्षिक सुधार शुल्क वापत रु.३८८६२३६। असुल गरेकोमा उक्त रकम असुल गर्नको लागि कुनै कार्यविधि तथा मापदण्ड तयार पारेको देखिएन । उक्त असुल भएको रकमको शिक्षा क्षेत्रमा परिचालन भए नभएको र त्यसको उपलब्धि बारेमा पालिकाले विश्लेषण समेत गरेको नदेखिएकोले करदातालाई दोहोरो कर असुल गरे पछि जुन उद्देश्यको लागि असुल भएको हो सोको लागि परिचालन गर्नुपर्दछ ।

६७.३ सामुदायिक वनः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२क मा पालिकाको क्षेत्र भित्रका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि तथा उपयोग सम्बन्धि आफ्नो बार्षिक कार्य योजना बनाई पालिकाबाट स्कृत गराउनु पर्ने तथा वन पैदावारको विक्रि वापत प्राप्त गर्ने रकमको दश प्रतिशत रकम सम्बन्धित पालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी लुम्बनी प्रदेश वन ऐन ,२०७८ को दफा २८ अनुसार वन पैदावारको विक्रि वापत प्राप्त गर्ने रकमको पच्चिस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने तथा कम्तिमा चालिस प्रतिशत रकम बाहेक अन्य रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी कार्यक्रममा दोहोरो नपर्ने गरी गरिवी न्यूनिकरण,महिला शसक्तिकरण तथा उद्यम विकास र भौतिक पूर्वाधार विकासमा खर्च गर्नुपर्ने उल्लेख गरेको देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन अनुसार साझा अधिकारको क्षेत्र परेकोले प्रदेश तथा संघिय कानून अनुसारको अधिनमा रही स्थानीय तहहरुले कार्य गर्ने उल्लेख भएको र यस नगरपालिकाको आर्थिक ऐनले वन पैदावारको विक्रिबाट प्राप्त आयमा १० प्रतिशत कर लगाउने व्यवस्था देखिन्छ । उल्लेखित नियममा भएको व्यवस्था अनुसार यस पालिकामा रहेका ४१ वटा सामुदायिक वनहरुले स्थानीय तहसँग कुनै समन्वय नगरी आफू खुसी कोषको व्यवस्थापन गर्ने गरेको देखिएकोले यस सम्बन्धमा सामुदायिक वन उपभोक्ता समितिसँग समन्वय गरी नियमानुसार कार्य गर्ने तर्फ पालिकाले पहल गर्नुपर्ने देखिन्छ ।

६७.४ व्यवसाय कर - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले आर्थिक ऐन मार्फत विभिन्न व्यवसायीहरुबाट व्यवसाय दर्ता तथा नवीकरण शुल्क उठाउने भनेकोमा पालिकाको विवरण अनुसार साना ठूला गरी ११६७ वटा अभिलेख पेश गरेकोमा यस बर्ष २९४ वटा मात्र व्यवसायीबाट व्यवसायको वापत रु.२९२०२७३। कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख स्थानीय तह ERP प्रणालीमा अध्यावधिक गरी त्यसको दर्ता देखि नविकरणसम्मको रकम असुल कार्यमा बृद्धि गरी राजस्वको दायरा फराकिलो बनाउनुपर्ने देखिन्छ । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

## ६८ प्रधानमन्त्री रोजगार कार्यक्रम-

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ९ वडामा १८ योजना सञ्चालन गरी यस वर्ष ७० जनालाई औसत ८१.८ दिनले रोजगारी उपलव्ध गराई रु.३८१८३०४.८० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

## ६९ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए

सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले ५ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कहरुको सामाजिक सुरक्षा भत्ता वितरणको विवरण लिँदा बैङ्कलाई निकासा भएको रकममध्ये खर्च नभई निस्कृत खाता तथा लगत कट्टा पछि रकम फिर्ता गरी कोष तथा लेखा नियन्त्रक कार्यालयको खातामा जम्मा गरेको देखियो । यस बर्ष यस पालिकाले जनालाई रु. सुरक्षा भत्ता वितरण गरेको देखियो ।स्रेस्ता पेश नभएको

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | १०८५।०८१।३।१५ स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संसोधन र एकिकरण गर्न बनेको विधेयक,२०७६ को दफा ८ बमोजिम एकै दिनमा एक भन्दा बढी बैठक बसेको अवस्थामा एउटा बैठकको मात्र भत्ता भुक्तानी गर्ने व्यवस्था रहेकोमा देहायका पदाधिकारीहरुले एकै दिनमा दोहोरो भत्ता भुक्तानी लगेकोले निजहरुबाट असुल गर्नुपर्ने रु. | ४,२५० |

| पदाधिकारी तथा कर्मचारी | रकम | कैफियत |
|---|---|---|
| श्रीकृष्ण थारु | ८५० | एउटै दिन २०८१।३।११को नगरसभा र कार्यपालिकाको बैठकको भुक्तानी |
| टेक ब बडुवाल सिजापति | ८५० | |
| सरिता थारु | ८५० | |
| मोहन सुनार | ८५० | |
| पुजा सुनार | ८५० | |
| जम्मा | ४२५० | |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : ठाकुरबाबा नगरपालिका, बर्दिया , ठाकुरबाबा नगरपालिका , बर्दिया

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नारायण प्रसाद ढकाल | २०८१-४-२४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सुदिप स्हि सुनार | २०७८-१२-१४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ८,४९३,९४१ | १०,६११,८५८ | २,३०७,१९६ | ० | ० | ५५०,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २१,९६२,९९५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ७५,५५० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ४,२५० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २१,८९१,६९५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २०४२२९४४८ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३७६७३६३३३.१ | चालु खर्च | ४३६८४३४२५.१ |
| प्रदेश सरकारबाट अनुदान | ३०९१०८०७.३२ | पूँजीगत खर्च | १८२१३९७७८.६ |
| राजश्व बाँडफाँट | १२३७४६९७९.२ | वित्तीय/अन्य व्यवस्था | २०२७२७४३७.६ |
| आन्तरिक आय | ३३८२८९५७.६२ | | |
| अन्य आय | २१६६५०३८०.२ | | |
| कुल आय | ७८१८७३४५७.४४ | कुल खर्च | ८२१७१०६४१.३ |
| बाँकी मौज्दात | | १६४३९२२६४.१४ | |

## अनुसूची - २

## बेरूजु दफा २.३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| वित्तीय प्रतिवेदन | | | | | |
|---|---|---|---|---|---|
| आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१ | | | | | |
| प्राप्ती भुक्तानी हिसाव | | | | | |
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ८४,४३,७५,९१९.१० | ६१,९८,०७,४२२.५८ | | ६१,९८,०७,४२२.५८ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ८०,२६,५७,३५४.०० | ५६,०७,६४,६४५.४२ | ० | ५६,०७,६४,६४५.४२ |
| ११००० कर | ११ | १५,२२,१३,५०४.०० | १३,२१,६९,५९२.३९ | ० | १३,२१,६९,५९२.३९ |
| १३००० अनुदान | | ४७,५७,३९,०००.०० | ४०,७६,४७,१४०.३७ | ० | ४०,७६,४७,१४०.३७ |
| संघीय सरकार | १२ | ४३,५८,५३,०००.०० | ३७,६७,३६,३३३.०५ | ० | ३७,६७,३६,३३३.०५ |
| प्रदेश सरकार | १२ | ३,९८,८६,०००.०० | ३,०९,१०,८०७.३२ | ० | ३,०९,१०,८०७.३२ |
| १४००० अन्य राजस्व | | ३,८४,५६,०००.०० | २,०५,८०,११३.६६ | ० | २,०५,८०,११३.६६ |
| १५००० विविध प्राप्ति | | १२,४८,८५०.०० | ३,६७,७९९.०० | ० | ३,६७,७९९.०० |
| ३२००० वित्तीय सम्पत्ति | | १३,५०,००,०००.०० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ४,१७,१८,५६५.१० | ५,९०,४२,७७७.१६ | | ५,९०,४२,७७७.१६ |
| वितरण गर्न बाकी राजस्व | | ० | २,६८,३६,८५७.४० | ० | २,६८,३६,८५७.४० |
| कोषहरु | | ४,१७,१८,५६५.१० | १,९३,२३,२७५.२० | ० | १,९३,२३,२७५.२० |
| धरौटी | | ० | १,२८,८२,६४४.५६ | ० | १,२८,८२,६४४.५६ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ८४,२७,९४,४६९.१० | ६४,२७,७२,२२२.६२ | | ६४,२७,७२,२२२.६२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ८०,१०,७५,९०४.०० | ६१,८९,८२,९१३.०६ | | ६१,८९,८२,९१३.०६ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २०,२८,००,०००.०० | १८,९८,९०,७२१.६३ | ० | १८,९८,९०,७२१.६३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २३,५१,८६,८२१.०२ | १९,३७,०७,२३०.३४ | ० | १९,३७,०७,२३०.३४ |
| २५००० सहायता (Subsidy) | १८ | ३,९९,२३,०६७.०० | ३,८४,८७,३५०.५४ | ० | ३,८४,८७,३५०.५४ |
| २६००० अनुदान | १८ | ० | ० | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| २७००० सामाजिक सुरक्षा | १८ | १,७०,५६,०००.०० | १,४२,२७,२४८.०० | ० | १,४२,२७,२४८.०० |
| २८००० अन्य खर्च | १८ | १३,००,०००.०० | ५,३०,५८४.०० | ० | ५,३०,५८४.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३०,४८,१०,०१५.९८ | १८,२१,३९,७७८.५५ | ० | १८,२१,३९,७७८.५५ |
| घ. अन्य भूक्तानी | | ४,१७,१८,५६५.१० | २,३७,८९,३०९.५६ | | २,३७,८९,३०९.५६ |
| कोषहरु | | ४,१७,१८,५६५.१० | १,६६,२१,४५५.५६ | ० | १,६६,२१,४५५.५६ |
| धरौटी | | ० | ७१,६७,८५४.०० | ० | ७१,६७,८५४.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | १५,८१,४५०.०० | (२,२९,६४,८००.०४) | | (२,२९,६४,८००.०४) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १८,२८,९७,६५२.९६ | | १८,२८,९७,६५२.९६ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | १५,८१,४५०.०० | १५,९९,३२,८५२.९२ | | १५,९९,३२,८५२.९२ |
| बैंक तथा नगद बाकी | २४ | | १६,३८,१५,१४६.१५ | | १६,३८,१५,१४६.१५ |

## बेरूजु दफा १६ सँग सम्बन्धित विवरण - अनुसूची -४

<table>
<tr><th>भौचर मिति र व्यहोरा</th><th>बेरुजु रकम रु</th></tr>
<tr><td>१) वित्तिय प्रतिवेदनहरुको सार्वजनिकरण: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ५६ र नियमावलि २०७७ नियम ७३ बमोजिम प्रचलित कानुन बमोजिम तयार गरिएका वित्तिय प्रतिवेदन तयार गर्न तोकिएको अवधि समाप्त भएको मितिले सात दिन भित्र तालुक कार्यालयमा पठाउने एंव विधुतिय माध्यमबाट सार्वजनिक गर्नुपर्ने कानुनि व्यवस्था रहेकोमा कार्यालयले सार्वजनिक गर्ने नगरेकोले ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।<br>२) मर्मत संभार तथा संरक्षण: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २५ र नियमावलि २०७७ नियम ३९ मा भुक्तानिलाई व्यवस्थित बनाउने व्यवस्था छ। जसका लागि म ले प फारम न ४१४ र ४१५ व्यवस्था भएकोमा कार्यालयले कतिपय अवस्थामा मर्मत आदेश म ले प फारम न ४१४ स्वीकृत बेगर भुक्तानी गरेको तथा अभिलेख नराखेको पाईयो<br>३) नापी कीताब : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २५ र नियमावलि २०७७ नियम ३९ बमोजिम भुक्तानिलाई व्यवस्थित र प्रभावकारि बनाउने व्यवस्था छ। निर्माण कार्यको नापिको परिमाण अभिलेख गर्न म ले प फा ५०३ को व्यवस्था भएकोमा कम्प्युटरबाट नापि किताब तयार गरिएमा प्रिन्ट गरी बाईन्डीङ गर्नु र नापि किताब नियन्त्रण खातामा चढाउनुपर्दछ भन्ने समेत व्यवस्था भएकोमा कार्यालयले नापि नियन्त्रण खातामा चढायनचढायको विवरण पेश नगरेकोले यसै भन्न सकिएन।<br>४) ठेक्का लगत: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २५ र नियमावलि २०७७ नियम ३९ बमोजिम भुक्तानिलाई व्यवस्थित र प्रभावकारि बनाउने व्यवस्था छ। ठेक्काको भुक्तानी व्यवस्थित गर्न म ले प फारम ५०६ को व्यवस्था भएको छ पालिकाले ठेक्का लगत राखेनराखेको पेश नभएकोले अघिल्लो बिलहरुबाट के कति भुक्तानि भएको एकिन हुन नसकेकोहुदाँ पालिकाले म ले प फारम कार्यान्वयन गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>टुक्रा खरिद: सार्वजनिक खरिद ऐन २०६३ र नियमावलि २०६४ मा खरिद विधि र प्रक्रियाको व्यवस्था गरिएको छ। खरिद नियमावलि को नियम ८५ बमोजिम एकै आर्थिक वर्षमा एक पटक एकै पटक वा पटक पटक गरी १० लाख भन्दा बढी रकमको एउटै व्यक्ति फर्म कम्पनी वा संथाबाट सोझै खरिद गर्न नसकीने उल्लेख छ। सार्वजनिकखरिदनियमावली, २०६४कोनियम७लेवार्षिक१०करोडभन्दाबढीकोखरिदगर्दागुरुयोजनातयारगर्नुपर्नेनियम८लेवार्षिक१०लाखभन्दाबढीकोखरिदगर्दावार्षिकखरिदयोजनाबनाउनुपर्नेव्यवस्थाछ तर कार्यालयले निम्न खरिद निम्न सेवाप्रदायक सँग एकै प्रकृतिको कार्य टुक्रा गरी सोझै खरिद गरेको नियम सम्मत नदेखिएको रु
<table>
<tr><th>गो भौ</th><th>व्यक्ति।फर्म।कम्पनी</th><th>कार्यक्रम तथा खरिद सामाग्रि</th><th>रकम</th></tr>
<tr><td>५३०।०८०।११।१३</td><td rowspan="2">आचार्य स्टेश्नर्स एण्ड सप्लायर्स</td><td rowspan="2">मसलन्द तथा कार्यालय सामाग्रि</td><td>९८२६०८</td></tr>
<tr><td>१२४५।०८१।३।२४</td><td>२४४४८५</td></tr>
<tr><td>विभिन्न गो भौ बाट (५०प्रतिशत अनुदान किसान समेतको रकम सहित)</td><td>संजय ट्रेडर्स एण्ड सप्लायर्स</td><td>नगर कृषि तर्फको सुख्खा ठाउँ लक्षित साना सिचाई प्रबर्द्धन कार्यक्रम अन्तर्गत बोरिङ जडान र मोटर खरिद एवं वडा न ६ को स्वीकृत कार्यक्रम अन्तर्गतको सिचाई बोरङ खरिद जडान बापत</td><td>२३४८५६८</td></tr>
</table></td><td>३५७५६६१</td></tr>
<tr><td>बरबुझारथ: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को परिच्छेद ११ नियम १०३ अनुसार बरबुझारथ गरि तोकिएको ढाँचामा बरबुझारथको प्रमाण लिनुपर्नेमा यस्तो नगरेको पाईयो।</td><td></td></tr>
<tr><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८ बमोजिम कार्यालय सामाग्रि दाखिला गर्नुपर्नेमा पालिका तथा वडा बाट खरिद गरिएका सामाग्रिको जिन्सी दाखिला भएको देखिदैन साथै वडा न २ ६ ७ ले जिन्सी किताब माग गर्दा पेश नगरेकाले खरिद सामाग्री जिन्सी किताबमा दाखिला गरेको हो वा होईन एकिन हुन सकेन निम्न बमोजिमका समाग्रिको जिन्सी दाखिला नभएको हुदाँ दाखीला प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु</td><td>३१०१०</td></tr>
</table>

| गो भौ | जिम्मेवार व्यक्ति/पदाधिकारि | खरिद सामाग्री र फर्म | रमा |
|---|---|---|---|
| १०४८ | केशव खनाल | सरिफ स्टिन फर्निचर उधोगको वि न २९४।०८०।०७।१२ बमोजिमका समाग्री | १५०० |
| | | मिना ईम्पोरियम ७८।०८०।४।१८ बमोजिमको सामाग्री | ७५० |
| | | वि सि क्याप हाउस ५३।०८०।०६।३० | ४७३० |
| | | थारु एग्रोभेट सेन्टर १०२।०८०।१०।१७ | ४५० |
| ६१२ | सानि मल्ल | पाईलट पेन छ पिस | ६०० |
| ६५५ | | नेपालि कागज ३ रिम | १५०० |
| ९४६ | | उत्सव कम्प्युटर ईन्च्युट एण्ड टेक्नोलोजि बाट खरिद सामाग्री | २७०० |
| | | दाजुभाई भण्डारि एण्ड ट्रेडर्स बाट खरिद | ७६६० |
| ११६६ | | दाजुभाई भण्डारि एण्ड ट्रेडर्स बाट खरिद | १००० |
| | | संघारि भाडा पसल | २५०५ |
| | | जि पि ल्यापटप मर्मत एण्ड ईलेक्ट्रोनिक पसल | ११०० |
| ८८४ | वडा न ४ सचिव | अर्याल भाडा एण्ड पलाष्टिक पसल | २७३० |
| | | भावना विजुलि भण्डार | ३७८५ |

**जिन्सी व्यवस्थापन सम्वन्धमा:** नगरपालिका कार्यालयहरुको जिन्सी व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन देहायका कार्य गर्नु पर्ने देखिन्छ।

· वार्षिक रुपमा अनुमान गरिएका सामानहरु आवधिक रुपमा खरिद गरी त्यसको उचित रुपमा खर्च गर्ने परिपाटी मिलाउने ।

· खरिद गरिएका सामानको मूल्य स्पेशिफिकेशन लगायतका सामानसँग सम्बन्धित विवरणहरु जिन्सी खाता प्रष्टरुपमा खोलेर राख्नुपर्ने देखिन्छ।

· जिन्सी ब्यवस्थापनलाई ब्यवस्थित गर्न निर्माण गरिएको सफ्ट्वयर प्रणालि( प्रयोगमा ल्याएको भएता पनि वडा कार्यालयबाट खरिद सामान सो प्रणालीमा इन्ट्री नहुने गरेको हुँदा जिन्सी ब्यवस्थापन लाई आधुनिक र प्रविधिमैत्री बनाउनुपर्ने देखिन्छ।

**नाफामूलकसंस्थालाईअनुदान**– स्थानीयसरकारसञ्चालनऐन, २०७४मावितरणमुखीखर्चनियन्त्रणगर्दैसंघतथाप्रदेशसरकारबाटप्राप्तरकमस्थानीयपूर्वाधारविकासतथादीर्घकालीनपुँजीनिर्माणहुनेकार्यमाखर्चगर्नुपर्ने व्यवस्था छ। उल्लेखित व्यवस्था अनुसारनाफाकमाउनेउद्देश्यलेस्थापितसंस्थालाईअनुदानउपलब्धगराउनमिल्ने देखिदैन। योवर्षनाफामूलकसंस्था सिहबाहीनि शिवशक्ति कृषक बहुउदेश्यीय सहकारी संस्था लि लाई रु १०००००० कोल्डरुम निर्माण तथा व्यवस्थापन लगायतमा अनुदान दिएको नियमसम्मतनदेखिएको रु.

१००००००

**अन्य कार्यालय खर्चः** कार्यालयले आफ्नो कार्यक्षेत्र भित्र स्वीकृत कार्यक्रम र बजेट सिमा भित्र रही खर्च गर्नु पर्दछ यस बर्ष कार्यालयले समान अस्तित्व र छुट्टै बजेट विनियोजन हुने कार्यालयको कार्यको लागि बजेट व्यवस्था गरि भुक्तानी दिएको छ नगरपालिकाको नियन्त्रण क्षेत्रभित्र पनि नपर्ने र सम्बन्धित निकायबाट समेत बजेट विनियोजन हुने भएकोले एउटै कार्यकोलागी दुई निकायबाट बजेट विनियोजन हुन सक्ने भएकोले यसमा नियन्त्रण हुनु पर्दछ|

| गो.भौ. | कार्यालय र प्रयोजन | भुक्तानि लिने व्यक्ति।संथा फर्म | रकम |
|---|---|---|---|
| १३१ | अस्थायी प्रहरी चौकी विद्युत तथा मर्मत सम्बन्धि कार्यक्रममा लागेको खर्च रकम वडा न ९ | डम्बर बहादुर शाहि | ३९९६० |
| २७६ | वडा न ९ को अस्थाइ प्रहरी पोष्ट ठाकुरद्वारा होडिङ्ग बोर्ड र फलामको बेन्च व्यवस्थापन वापतको खर्च रकम | | १०००० |
| ३२९ | वडा न ९ मा रहेको अस्थाइ प्रहरी चौकी को सवारी मर्मत तथा इन्धन खर्च वापतको खर्च रकम भुक्तानि | गंग बहादुर विष्ट | २०००० |
| २७७ | न पा वडा न ४ को बगनाहा प्रहरी चौकी व्यवस्थापन वापतको खर्च रकम भुक्तानि | चुडामणि अधिकारी | १०००० |
| ८८ | वडा नं ६ को वडास्तरीय योजना कार्यक्रम अन्तर्गतको प्रहरि चौकी बकुवा व्यवस्थापन मा भएको खर्च रकम भुक्तानी | डिल बहादुर गिरि | ४९६४२ |
| १३२ | वडा न ५ बगनाहा प्रहरी इन्धन कार्यक्रममा भएको खर्च रकम भुक्तानि | चुडामणि अधिकारी | १०००० |

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली २०७७ को नियम ४१ को (ख) बमोजिम आवस्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ।कार्यालयले देहाय बमोजिमका खर्च पुष्टि हुने कागजात तथा प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने — ४७८१०

| **गो.भौ.** | **भुक्तानी लिने व्यक्ति, कर्मचारी फर्म** | **आवश्यक नपुगेको प्रमाण ।व्यहोरा** | **रकम** |
|---|---|---|---|
| ११४५ | केशव खनाल | खर्च पुष्टि हुने कागजात तथा प्रमाण नभएको। | ४२८१० |
| ९५ | केशव प्रसाद खनाल | हेडफोन वितरण भर्पाई तथा खर्च पुष्ट्याईको आधार | ५००० |

**प्रमाण बेगर खर्चः** सार्बजनिक खरिद नियामावली २०६४ नियम १२३(१घ)अनुसार खरिद सम्झौता अनुसार कार्य सम्पादनको आधारमा र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली २०७७ को नियम ४१ को (ख) बमोजिम आवस्यक प्रमाण कागजात सहित भुक्त्तानी गर्नु पर्दछ| मौज्दात रहेको वा वितरण भएको आवश्यक कागजात प्रमाण पेश गर्ने अन्यथा जिम्मेवार पदाधिकारी कर्मचारीबाट असुल गर्नुपर्ने रु. — ५८२८०

| गो.भौ. | भुक्तानी लिने व्यक्ति, कर्मचारी फर्म | आवश्यक नपुगेको प्रमाण | सामग्री /परिमाण | सामग्रीको परल मूल्य |
|---|---|---|---|---|
| ६६ | कालिगौडी टोल विकास संथा(तिज विशेष कार्यक्रम वडा न ७ | टेन्ट प्रयोग भएको प्रमाण नभएको कार्यक्रम खुला चौर र घरको बरन्डा देखिने तस्विर पेश गरेको | आधार तस्विर | २२५० |
| ९२ | लठुवा टोल विकास संथा | ९ जना उपस्थित कार्यक्रममा अटो भाडा बापतको ५००० भुक्तानि स्भाविक नदेखिएको साथै सवारि चालक अनुमति पत्र पेश नभएको हुदाँ | भाडा वापतको भुक्तानि | ४५०० |
| १०० | लाखे जात्रा संकृति संरक्षण तथा सम्बर्धन उ स | १८ जना उपस्थित कार्यक्रममा ५० जनाको खाजा खर्च प्रतिव्यक्ति रु २४० को दरले भुक्तानि | खाजा वापतको भुक्तानि | ७६८० |
| १७२ | महेशि चौधरि | बढि खाजा भुक्तानि तिज विषेश कार्यक्रम वडा न २ | बढि खाजा | ३८५० |
| ८७५ | केशव प्रसाद खनाल | वडा न ३ का टोल विकास संथाको लेखापरिक्षण शुल्क वापतको रकम हर्षल भण्डारि एण्ड एसोसिएटस लाई भुक्तानि भएकोमा ले प प्रतिवेदन पेश नभएको | लेखा परिक्षण प्रतिवेदन | ४०००० |

**अनुगमन मुल्यांकन खर्च** :लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुुवधा सम्बन्धि ऐन तथा भ्रमण खर्च नियमावली २०६४ बमोजिम कार्यालयको काममा पदाधिकारी तथा कर्मचारीलाई भ्रमण खर्चबापत भुक्तानी गर्दा देखिएका व्यहोरा निम्न छन्

०अधिकांश भ्रमणको उदेश्य र स्पष्ट प्रयोजन कार्यालयको कामको लागि भएको हो भनि सुनिश्चित् हुने विश्वसनीय आधार नभएको

०भ्रमण सम्बन्धि एकिकृत विवरण प्राप्त नभएको

०कतिपय भ्रमण सामाग्री खरिद गर्न जिल्ला सदरमुकाम गुलरिया तथा नेपालगंज सम्म गएको जनाई सो बापतको खर्च भुक्तानी भएको

०एक दिनमा फर्किन सकिने स्थानमा तथा कार्यालयको कार्यसम्पादन भई सकेको अवस्थामा समेत कार्यालयमा हाजिर नभएको

.मितव्ययिता कायम गर्नु पर्दछ

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली २०७७ को नियम ४१ को ३ बमोजिम आवस्यक प्रमाण कागजात सहित भुक्त्तानी गर्नु पर्दछ।आवश्यक प्रमाण कागजात बेगर देहाएबमोजिमको भुक्तानि असुल गर्ने

७५००

| गो भौ | कार्यक्रम योजना तथा आवश्यक प्रमाण | सम्वन्धित व्यक्ति | रकम |
|---|---|---|---|
| १६ | मिति २०८०।२।३० देखि २०८०।३।१ सम्म IMS स्वास्थ विमा बोर्ड सम्बन्धि तालिममा काठमाण्डौ गएको वोडिङ पास मिति (२०७९।१२।१५) | प्रकाश तिमिल्सेना | ७००० |
| | बोडिङ पासको प्रतिलिपि पेश गरेको र टिकट बापतको रकम भन्दा रु ५०० बढि भुक्तानि भएको रु | राम दयाल चौधरि | ५०० |

**वडा तर्फबाट स्वयसेविकालाई प्रोत्साहनः** स्वयसेविकालाई प्रोत्साहन **गर्न** संघिय सरकारबाट शसर्त कार्यक्रम, पालिकाले समानीकरण तथा अन्य कार्यक्रम राखी प्रोत्साहन गर्दै आइरहेको छ पुन वडा कार्यालयबाट पनि प्रोत्साहनका कार्यक्रम गर्दा दोहोरोपना हुने तथा पहुचवाला ले बढी सुविधा प्राप्त गर्ने हुँदा एकद्वार प्रणालीबाट खर्च गर्ने तर्फ ध्यान दिनु पर्दछ|

**चाडपर्वको शुभकामनाः** सार्वजनिक खर्चलाई मितव्यि तथा प्रभावकारि बनाउने सम्बन्धि मापदण्ड २०७८ को दफा ६ को २ बमोजिम सरकारि खर्चमा शुभकामना कार्ड छपाई गर्न तथा शुभकामना सन्देश प्रकाशन वा प्रसारण गर्न पाइने छैन।सुचना तथा प्रसारण विभाग बाहेक अन्य सरकारि निकायले क्यालेण्डर र डायरि छपाई गर्न नपाउने उल्लेख छ ।पालिकाले यस्ता प्रकृतिका खरिद कार्य गर्दै आईरहेको हुदाँ यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ।

| | |
|---|---|
| **प्रयोजन नखुलेको खर्च:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २४ मा सरकारि रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल र सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नुपर्ने उल्लेख छ कार्यालयले खाजा खाना तथा विविध खर्चमा ठुलो रकम खर्च गरेको छ ।यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ। | |
| **मितव्ययिता:** गो भौ ३७३ समाज सेवा तथा वातावरण र सस्कृति संरक्षण समुह मेडपा कार्यक्रम अन्तर्गत ११ जना प्रशिक्षार्थिलाई मकै र थाकलबाट हस्तकलाका सामाग्रि निर्माण गर्ने सिप विकास तालिम संचालन भई रु २८४७६० भुक्तानि भएकोमा ठाकुरबाबा नगरपालिका गो भौ १००४।०८१।३।०९ ओम राजश्री मल्टि एग्रो प्रालिबाट ३६ जना प्रशिक्षार्थिलाई समान प्रकृतिको मकै र थाकलबाट हस्तकलाका सामाग्र बनाउने सिपमुलक तालिम संचालन गरि रु ४८८००० भुक्तानि भएको छ।यसरि एकै प्रकृतिको तालिम फरक संथाबाट संचालन गरि २ सिफ्ट्मा गर्दा लागत बढ्ने र मितव्ययिताको पक्ष कमजोर हुने देखिन्छ। न्युनतम लागत र समयमा अधिकतम प्रतिफल प्राप्त गर्ने गरि यस्ता प्रकृतिका सिपमुलक तालिम संचालन गर्नु पर्दछ। | |
| **दोहोरो खर्चको भुक्तानि:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली २०७७ को नियम ४१ को ३ बमोजिम आवस्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ ।गो भौ ३१९।०८०।०९।०४ मिति २०८०।०६।२८ गते ठाकुरबाबा बरघर संजाल समितीले ठाकुरद्धारामा आयोजना गरेको जिउरा जगैना कार्यक्रममा सहभागि संख्या जम्मा ७० जना रहेकोमा अस्वभाविक रुपमा ४८० वोतल पानि खरिद गरिएको छ।सिमित स्रोत साधन प्रयोग गरि अधिकतम प्रतिफल प्राप्त गर्ने गरि सार्वजनिक खर्चलाई मितव्ययी बनाउनु पर्नेमा व्यानर संख्या १४ वटा खरिद भएको विल पेश भएको छ ।खरिद भएका सबै व्यानर प्रयोग भएनभएको एकिन हुन सकेन साथै गो भौ न २५५।०८०।०८।१० सोहि उपस्थिति माईनुट प्रयोग गरि वडा न १ सचिव सानि मल्लले २५ कार्टुन पानि बापतको रकम रु ५००० भुक्तानि लिएकोमा एकिन गरि पुष्टि हुने कागजात पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ५००० |
| **प्रमाण बेगरको भुक्तानि: गो भौ न १०।०८१।०१।९ र १६।०८१।०३।१५** ठा न पा कृषि चालु तर्फको अनुदानको मल वितरण कृषक पासबुक स्वर्गद्धारि प्रिन्टर्सबाट १३८० पिस वितरण नभएको हुदाँ बाकि रहेको कृषक पासबुक वितरण गरि भरपाई पेश गर्ने अन्यथा रु २७१५० असुल गर्नुपर्ने रु. | २७१५० |
| **अनुगमन तथा सहभागी भत्ताः**- लुम्बिनि प्रदेशको सार्वजनिक खर्चको मापदण्ड,कार्यविधि र मितब्ययीता सम्बन्धी निर्देशिका,2075 को परिच्छेद 2 को बुँदा नं. 1 को (क) अनुसार स्पष्ट विषयबस्तु र कार्ययोजना बेगर कार्यालय समयमा एकै निकायका कर्मचारी तथा पदाधिकारी मात्र बस्ने बैठकमा बैठक भत्ता उपलब्ध गराउन नमिल्ने उल्लेख छ।साथै कानुनी रुपमा गठन भएका समितिको मात्र बैठक भत्ता भुक्तानी गर्न मिल्ने ब्यवस्था भएको र उक्त मापदण्डले अनुगमन भत्ता तथा सहभागी भत्ता समेतको ब्यवस्था गरेको देखिदैन तर कार्यालयले कानुनमा भएको ब्यवस्थाको विपरित देहायको अनुगमन तथा बैठक भत्ता वितरण गरेकोले नियम सम्मत नदेखिएको रु.<br><br>गो भौ \| कार्यक्रम ।व्यहोरा \| रकम<br>४२ प्रदेश चालु \| कृषि विकास कार्यक्रम अन्तर्गत १६ जनाको अनुगमन तथा फिल्ड बैठक भत्ता \| १००००० | १००००० |
| **शसर्त अनुदान:** शसर्त अनुदानको रकम तोकिएको कार्यक्रम योजनामा खर्च हुन नसकेमा सोहि आर्थिक वर्षको असार मसान्तमा संघिय संचितकोषमा फिर्ता गरिसक्नु पर्नेमा ०७९।८० को दिवा खाजा कार्यक्रम अन्तर्गत विद्यालयको लेखापरिक्षण प्रतिवेद अनुसार श्री त्रिभुवन मा वि भुरिगाँउलाई भुक्तानि भएको जम्मा रु १५३५८६५ मध्ये रु १४५५९१२ सोहि कार्यक्रममा खर्च भएको र बाँकी रकम रु ७९९५३ अन्य कार्यक्रम तथा प्रयोजनमा खर्च गरेको विद्यालयको लेखापरिक्षण प्रतिवेदनबाट खुलेको छ।यसरि संघिय अनुदान सम्वन्धित कार्यकक्रममा खर्च गर्न नमिल्ने भएकोले असुल गरी दाखिला गर्नुपर्ने रु. | ७९९५३ |
| **आवश्यक प्रमाण विनाको भुक्तानी** :आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावलि २०७७ को दफा ३९ को (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्न अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजातअनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयको निम्नानुसार भुक्तानीमा बढि भुक्तानि भएको रकम असुर गर्नुपर्ने रु.<br><br>भौ.नं. \| ब्यहोरा \| भुक्तानी लिने व्यक्ति संस्था \| बढि भुक्तानी रकम<br>११३ \| वालविकास शिक्षकहरुलाई सम्मान सहित मादल तालिम \| ठाकुरबाबा प्रज्ञा प्रतिष्ठान \| १२०० | १२०० |
| **सक्कल विल**: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावलि २०७७ को दफा ३९ को (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्न अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजातअनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। कार्यालयले युनाईटेड ड्रग्स सेन्टर प्रालिलाई गो भौ न ४४।०८०।०८।१० मा रु ७४०३५ भुक्तानि गरेकोमा सो फर्मको सक्कल विल नराखि प्रतिलिपि विल बमोजिमको भुक्तानि गरेको हुदाँ सक्कल विल पेश गर्नु पर्ने रु. | ७४०३५ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ । कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ । निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ । यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ । म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ । निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ । स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ । नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ । अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ । एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ । समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।